# नेपाली छापामा वातावरणीय न्याय
## विषयगत विश्लेषण

*शरद घिमिरे*

बितेको एक दशक अथवा २०४६ को जनआन्दोलनपछिका दिनहरू नेपाली मिडियाका लागि उर्वर रहे । यो अवधिमा प्रविधि, पहुँच र प्रकारमा मिडियाको फैलावट प्रत्यक्ष अनुभूत गर्न सकिन्छ । त्यसबाहेक, मिडियाले समेटेका विषयवस्तुहरूमा पनि निकै विस्तार भएको छ । यही कालखण्डमा नै सामाजिक विकास तथा आन्दोलनका विभिन्न प्रयासहरू भएका छन् र प्रायः त्यस्ता सबै प्रयासहरूले मिडियामा स्थान पाएका छन् । २०४६ सालपछि प्रमुखता साथ बहस, छलफलमा आएको एउटा पक्ष वातावरण पनि हो । वातावरणीय र प्राकृतिक स्रोतको उपयोगका विभिन्न पक्षहरूबारे गरिएका कतिपय कार्यक्रमहरूले आन्दोलनकै स्वरूप ग्रहण गरेको पाइन्छ । मिडियामा यी आन्दोलन र अन्य वातावरणीय गतिविधिहरूबारे कम-बेसी चर्चा विश्लेषण गरिएको छ । प्राकृतिक स्रोत तथा वातावरण छुट्टै 'बिट'का रूपमा खडा भएका छन्, मिडियामा ।

विकास र वातावरणबारे गएको चार दशकदेखि धेरै बहस र छलफल भइरहेका छन् । यस्ता छलफलबाट निस्केका अवधारणाहरूले नेपालको विकास र वातावरण संरक्षणका कृयाकलापलाई असर पारिरहेको छ । अहिले विकास र वातावरण संरक्षणलाई सँगै लग्नुपर्छ भन्ने मान्यता अघि सारिएको छ । त्यसको वाबजुद कतिपय विकास कार्यक्रमले वातावरणमा हानि पुऱ्याएका छन् । अन्तर्राष्ट्रिय स्तरमा 'विकास'बाट सृजित यस्ता वातावरणीय समस्याको बोझ गरिब तथा कम विकसित राष्ट्रहरूले उठाउनु परेको छ भने देश वा समाजभित्र यस्तो बोझ गरिब परिवार, अल्पसङ्ख्यक जाति, जनजाति, पिछडिएका समुदाय र गरिबहरूको भागमा पारिन्छ । यसबाट ती मुदायहरूको जीविकोपार्जनका अवसर तथा उपायहरू असुरक्षित हुन पुग्छन् । तर, "विकास-कार्यहरूले प्राकृतिक वातावरण तथा मानव समाजमा पर्ने नकारात्मक असरसम्बन्धी सूचना एवं जानकारी प्रभावित हुने पक्षहरूमाझ राम्ररी पुऱ्याइँदैन; गुपचुप राखिन्छ, एकातर्फ भने अर्कोतर्फ ती विकास-कार्यबाट प्राप्त हुने प्रतिफल स्थानीय वा प्रभावित हुने समुदायलाई

वितरण गरिँदैन; शक्तिशाली र पहुँचवालाहरूको क्षेत्रमा लगिन्छ" (जगन्नाथ अधिकारी, २०५९क) ।

यी विश्वव्यापी रूपमा देखिएका समस्याहरू हुन् र यसै परिप्रेक्ष्यमा 'वातावरणीय न्याय'को अवधारणाको विकास भएको हो । कुनै वर्ग, वर्ण, रङ्ग, जातजाति, लिङ्ग वा समुदायविशेषप्रति लक्षित नभइकन वातावरणीय ह्रासका असर तथा जोखिमहरू समानुपातिक रूपमा बहन गरिनुकासाथै प्राकृतिक स्रोतको उपयोग वा वातावरणीय सुधार तथा संरक्षणबाट प्राप्त फाइदा तथा अवसरहरू पनि न्यायोचित रूपमा वितरण हुनुलाई वातावरणीय न्याय भनिन्छ (अधिकारी तथा घिमिरे २०५९) ।

वातावरणीय संरक्षण वा विनाशको प्रभाव तथा स्रोतको उपयोगको सन्दर्भमा केही वर्षयता हाम्रो देशमा नीतिगतदेखि कार्यगत वा व्यवहारगत-सम्म उल्लेख्य सुधार र परिवर्तन आएको छ । र, यो तथ्य मिडियामासमेत प्रतिविम्बित भएको छ । तर पनि बहुसङ्ख्यक जनता वातावरणीय संरक्षणबाट सृजित अवसर तथा सुधारबाट अझै पनि वञ्चित छन् । यसका लागि विभेदयुक्त सामाजिक संरचना मुख्य कारक मानिएको छ । गरिब अथवा कुनै वर्ग, वर्ण, जात वा क्षेत्रविशेषका जनताले भोग्नुपरेका वातावरणीय तथा सामाजिक असमानता, जनस्वास्थ्यमा परेका जोखिम, असमान अवसर, विभेदपूर्ण संरक्षण, कार्यान्वयन तथा सुधारका पक्षहरूलाई वातावरणीय अ/न्यायको रूपमा हेरिएको छ । कुनै पनि स्थानीय वा राष्ट्रिय स्तरको नीति-नियम तथा विकास कार्यक्रमहरूको निर्धारण, लागू तथा कार्यान्वयन प्रणाली तथा निर्णय प्रकृयामा विनाभेदभाव सबै प्रभावितहरूको अर्थपूर्ण सहभागिता रहनुपर्छ भन्ने धारणा राख्ने वातावरणीय न्यायको लक्ष्य दिगो एवं सुरक्षित जीविकोपार्जन हो ।

वातावरणीय न्यायको अवधारणा हाम्रो परिप्रेक्ष्यमा नयाँ भएकाले सो अवधारणाअन्तर्गत रहेर लेखिएका मिडिया सामग्री धेरै नहुनु नौलो होइन । तर पनि वातावरणीय समस्याबारे मिडियामा लेखिएका छन्, कार्यक्रम बनाइएका छन् । ती मिडियाका विषयवस्तु मात्र वातावरणीय समाचार हुन सक्छन् अथवा ती वातावरणीय न्यायको परिधिभित्र पनि आउन सक्छन् । उदाहरणका लागि वाग्मतीको पानी प्रदूषणबारेको सामग्रीलाई लिन सकिन्छ । यदि सो सामग्रीमा मात्र पानीको कुरा गरिएको छ, प्रदूषणको कुरा गरिएको छ भने त्यो वातावरणीय समाचारमात्र बन्न पुग्छ । तर त्यही पानीका कारण मानिसको जीवनवृत्तिमा परेका प्रभावलाई समेटिएको छ भने त्यो वातावरणीय न्यायसम्बन्धी सामग्री हुनजान्छ । नदीको प्रदूषणबाट नदी किनारमा बस्ने सुकुमबासीहरू र ठूलो घर बनाएर नदीमा फोहर फ्याँक्नेहरूमा भिन्न प्रभाव पर्छ । ठूलो घरमा बस्नेले नदीबाट आउने दुर्गन्धबाट बच्ने उपायसमेत गर्नसक्छ भने सुकुमबासी चाहिँ कतिपय कामका लागि नदीमा नै भर गर्नुपर्ने

हुनसक्छ । सो प्रदूषणले त्यही सुकुमबासीलाई बढी मार पर्छ, उसैको कार्यक्षमता घट्छ । अथवा उसैलाई रोग-व्याधीले समात्छ जोसँग उपचार गर्ने रकम हुँदैन ।

वातावरणमा आएको यस्तो नकारात्मक परिवर्तनको प्रभाव व्यक्ति या समुदायविशेषमा कसरी फरक हिसाबले पर्छ भन्ने तथ्यतर्फ वातावरणीय न्यायको ध्यान जान्छ । त्यसैगरी वातावरणमा आएको सकारात्मक परिवर्तनको धेरै अवस्थामा समानुपातिक वितरण भएको पाइँदैन । छापामा आएका वातावरणीय सामग्रीले यी र यस्ता मुद्दाहरूलाई केलाउन सकेको छ-छैन अथवा समस्याको गुह्य खोतल्न सकेको छ-छैन भनेर खोतल्न यो अध्ययन गरिएको हो । छापाका सामग्रीहरू समस्याको कुन हदसम्म पुग्न सकेका छन् र के के कुरालाई समेट्न सकेका छन् भनेर हेर्ने प्रयत्न यो अध्ययनमा गरिएको छ । नेपालमा वातावरणीय न्यायका दृष्टिकोणबाट उठाउन सकिने मुख्य मुख्य मुद्दाहरू के के छन् र ती मुद्दाहरूमध्ये के कति नेपाली छापाबाट कसरी समेटिएका छन् भन्ने यस लेखमा केलाउन खोजिएको छ ।

अध्ययनका लागि छापाको रिपोर्टिङ वा अनुसन्धानमूलक तथा विवेचनात्मक लेखहरूमा समेटिएका वातावरणीय दृष्टिकोणले महत्वपूर्ण समाचार तथा विचारहरूलाई विश्लेषण गर्न खोजिएको छ । अध्ययन सामग्रीको सङ्कलन दुई किसिमले गरिएको छ । पहिलो, नेपालमा वातावरणीय न्यायसम्बन्धी मुद्दाहरू केलाउन तयार पारिएको सन्दर्भ-ग्रन्थ (अधिकारी र घिमिरे सन् २००१) को लागि सङ्कलित २०५० सालपछिका छापा (मुख्यतः ब्रोडशिट) का लेख तथा समाचारहरू र दोश्रो, २०५७ सालका *कान्तिपुर* तथा *गोरखापत्र*का वैशाख, भदौ र पुस तीन महिनामा छापिएका वातावरणीय समाचार तथा लेखहरू यो अध्ययनमा उपयोग गरिएको छ । पत्रिकामा आएका वातावरणीय समाचार तथा विचार लेखहरूको गुणात्मक चर्चा गर्न खोजिएकाले यी सामग्रीले प्रचलित चासोका वातावरणीय मुद्दाहरूको प्रतिनिधित्व गर्छन् भन्ने ठानिएको छ ।

वातावरणीय क्षेत्रका यी समाचार र विचारहरूलाई मुख्य तीन भाग– वातावरणीय प्रदूषण र जनस्वास्थ्य; जैविक विविधता, प्राकृतिक स्रोत, जीविकोपार्जन र पर्यटन; र संस्थागत, नीतिगत तथा कानूनी पक्षहरू–मा वर्गीकरण गरेर चर्चा गरिएको छ । प्रत्येक भागलाई आवश्यकताअनुरूप उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रत्येक शीर्षकमा ग्रामीण तथा शहरी क्षेत्र दुवैका समस्याहरू पर्दछन् । र, कतिपय यी विषयहरू आपसमा जोडिएका पनि छन् । तर सहजताका लागि तिनलाई छुट्टाछुट्टै चर्चा गरिएको छ । लेखको अन्तमा निष्कर्ष र केही सुझाव प्रस्तुत छ ।

अनुसन्धानले विभिन्न आयोजना वा उद्योग प्रतिष्ठानको स्थापना वा क्रियाकलापले कसरी वातावरणीय ह्रास निम्त्याउँछ र जनसाधारणको स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार कुण्ठित हुन्छ भन्ने तथ्यहरूको उजागर गर्न, सुसूचित गराउन तथा त्यसमाथि उचित कार्वाही चलाउन मिडियाको

भूमिका महत्वपूर्ण छ भन्ने प्रष्ट पार्छ । छापामा आएका सामग्रीबाट प्रदूषण, सामुदायिक वन, फोहरमैला एवं डम्पिङ साइट, जैविक विविधता, वातावरणीय नीति तथा कानूनहरू जस्ता वातावरणीय मुद्दाहरूबारे जनसाधारण सूचित हुन पाउँछन् । अर्कोतर्फ, वातावरणीय ह्रासको विरुद्धमा भएको विरोध, गोष्ठी वा अभियान आदिबाट प्रेरित हुन, जोखिमहरू कम गर्न, आवश्यक कार्वाही चलाउन समेत सजिलो पर्न जान्छ । जनसाधारणदेखि अनुसन्धाता र नीति निर्माताहरूलाई नेपालको सन्दर्भमा वातावरणीय न्यायको अवधारणा प्रष्टचाउन समेत छापाका जानकारीहरू सहायक हुन्छन् ।

## वातावरणीय प्रदूषण र जनस्वास्थ्य

स्वस्थ तथा सुरक्षित वातावरणमा बाँच्न पाउनु मानिसको नैसर्गिक अधिकार हो । तर धेरै जनताले न स्वस्थ वातावरणमा जिउन पाएका छन् न तिनको जीवन(वृत्ति) नै सुरक्षित छ । अभावग्रस्त जीवन बाँचिरहेकाहरूको लागि सुरक्षित जीविकोपार्जन वातावरणीय न्याय हो । थुप्रै वातावरणीय समस्याहरूले उनीहरूका जीवनमा अरूको भन्दा बढी प्रभाव पारिरहेको हुन्छ । तर ती समस्याहरूलाई मानिसहरूको जीविकोपार्जनसँग जोडेर हेर्ने गरेको कमै पाइन्छ । यस परिच्छेदमा ग्रामीण तथा शहरी क्षेत्रका मानिसहरूको जनजीवन र स्वास्थसँग सीधा सम्बन्ध राख्ने वातावरणीय ह्रास तथा प्रदूषणसम्बन्धी छापामा आएका सामग्रीलाई विभिन्न शीर्षकमा विभाजन गरेर चर्चा एवं विश्लेषण गरिन्छ ।[१]

### *खानेपानीको समस्या*

नेपालका कतिपय शहरी र ग्रामीण क्षेत्रमा खानेपानीको अभाव छ । अर्कोतर्फ जति ठाउँमा या जति मात्रामा उपलब्ध छ त्यो सफा र स्वस्थकर पनि छैन । शहरी क्षेत्रमा बढ्दो जनसङ्ख्याको चापले खानेपानीको अभाव भएको भनिन्छ । त्यो फोहरमैला र चुहावटबाट असुरक्षित पनि छ । ग्रामीण क्षेत्रमा पानीका स्रोतहरूको संरक्षण नहुँदा त्यसको असर स्थानीय बासिन्दाहरूलाई परेको छ । काठमाडौंको खानेपानी समस्या जनसङ्ख्याको बढ्दो चाप साथै सतहमाथिको पानी सीमित हुनाका कारणले हो । फलस्वरूप यहाँका मानिस सतहमुनिको पानीमा अत्यधिक आश्रित छन् । यो अति-निर्भरतालाई नघटाए, पानीका स्रोतहरूको संरक्षण नगरिए ठूलै वातावरणीय समस्या आउनसक्ने सम्भावना देखाइन्छ । पानीको प्रयोग अधिक गर्ने र सतहमाथिको पानीलाई प्रदूषित गर्नमा काठमाडौंका उद्योग तथा कारखानाहरू पनि उत्तिकै जिम्मेवार छन्

---

[१] तीन वर्ष (२०५५ सालदेखि २०५८ साल)का छापा-सामग्रीको आधारमा काठमाडौं उपत्यकाको वायु प्रदूषणविरोधी आन्दोलनमा उठेका विभिन्न मुद्दाहरूबारे पराजुली (२०५९) मा विश्लेषण, विवेचना गरिएकाले यहाँ यो विषयलाई छुट्टै चर्चा गरिन्न ।

(खरेल २०५७क) । गर्मी महिनामा उपत्यकामा खानेपानीको समस्या चर्किने हुँदा त्यससम्बन्धी समस्याहरू औंल्याइएका र समाधानसमेत सुझाएका लेख, समाचारहरू यो समयमा छापामा बढी देखिन्छन् । तिनमा खानेपानीको प्रमुख समस्या असुरक्षित र असमान वितरण प्रणालीका साथै कलकारखानाको बढ्दो खपत तथा प्रदूषणलाई देखाइएको हुन्छ । खानेपानीको सन्दर्भमा केही लेखहरूले अधिकारसम्पन्न निकाय तथा व्यक्तिहरूबाट समाधानको लागि दिगो र सम्भव उपायहरूलाई बिर्सेर खालि मेलम्चीको सपना मात्र देखाइने समस्याग्रस्त दृष्टिकोणलाई पनि अगाडि ल्याएका छन् (शाक्य २०५७) ।

समुदायहरूमाझ स्रोतको स्वामित्वबारे विवाद हुँदा खानेपानीको समस्या बढ्छ र उपभोक्ताहरूलाई अझ मार पर्नजान्छ (कान्तिपुर २०५७घ) । यस्ता समस्याहरूबाट गरिब तथा दलित समुदायहरू नै बढी प्रभावित हुन्छन् । दलितको खानेपानी स्रोतमा सिनु फ्याँकिने स्थिति (कान्तिपुर २०५७त) तथा विपन्न वर्गहरू खानेपानीको अभावबाट पीडित भएको र त्यै कारणले पनि शहरबाट गाउँतिर विस्थापित हुनुपर्ने बाध्यता (शशी २०५७) लाई उदाहरणको रूपमा लिन सकिन्छ । त्यस्तै, पहाडी क्षेत्रमा बढी उचाइमा मुहान आदि नहुनाले खानेपानीको अभाव छ । गाउँमा खानेपानीभन्दा सजिलोसँग मदिरा पाइने समाचारसमेत छापिएको छ (लिलाबल्लभ घिमिरे २०५७) । गाउँमा खानेपानीका स्रोत नजिकै नहुने, भएका स्रोत धनी-सामन्तहरूको पकडमा हुने स्थितिले दलितहरूको, गरिब-गुरुवाहरूको पहुँचमा सफा पानी हुँदैन । फलतः उनीहरू या फोहर पानी उपयोग गर्न बाध्य हुन्छन् या उनीहरूले धेरै समय लगाएर पानी बोक्नुपर्ने हुन्छ । सामाजिक विभेदबाट सृजित वातावरणीय अन्यायको उदाहरण हो यो । तर छापामा यस्ता सामग्री यदाकदामात्र पढ्न पाइन्छन् । फोहरमैलाको कारणबाट पनि खानेपानी दूषित हुनु सामान्य समस्या भएको छ चाहे त्यो शहरी क्षेत्र होस् वा ग्रामीण भेग । त्यसमा पनि कुनै एक क्षेत्रको फोहरबाट अर्को क्षेत्रको खानेपानी असुरक्षित बन्नु अन्यायपूर्ण स्थिति हो । उदाहरणका लागि धुलिखेलको फोहरले पाँचखालमा पुऱ्याएको असरलगायत 'त्रिशुलीमा फ्याँकिएको फोहर' (कान्तिपुर २०५७झ), 'गोकर्ण डम्पिङ साइटबाट ठूलै वातावरणीय दुर्घटना आउने चेतावनी' (पाण्डे सन् २००१) जस्ता समाचारलाई लिन सकिन्छ ।

## *फोहरमैला र सरसफाइको समस्या*

फोहरमैला र त्यसको व्यवस्थापन शहरी क्षेत्रहरूको मुख्य मुद्दा र विवादको केन्द्र रहिआएको छ । छापामा त्यससम्बन्धी सामग्रीहरू निकै पाइन्छन् । मुख्यतः काठमाडौंमा फोहरमैलाको व्यवस्थापनका लागि छनोट भएका, अहिलेका तथा सम्भावित ल्याण्डफिल तथा डम्पिङ साइटको प्रत्यक्ष मार ती ठाउँ वरपर भएका जनताले खेप्नुपर्ने हुँदा तिनको विरोधको स्वर चर्को छ ।

राजनीतिकरणका कारण समस्या बल्झिएको भन्नेहरू पनि छन् । प्राविधिज्ञलाई राजनीतिज्ञले पन्छाएकाले काठमाडौंको फोहरको समस्या समाधान हुन नसकेको भन्दै राजनीतिक अस्थिरतालाई मुख्य कारण मानिएको छ (लामिछाने २०५७) । वातावरणीय समस्याको राजनीतिकरण हुनु नकारात्मक होइन । वातावरणीय न्यायले त्यही भन्छ । राजनीतिकरण भन्नु एक पक्ष वा दलले अर्कोलाई असहयोग गर्नु होइन; त्यो त दलीयकरण हो । समस्यालाई राजनीतिक तहबाट हेरिनु, समाधान खोजिनु सदैव स्वागतयोग्य छ । राजनीतिक दलका नेताहरू (सांसदहरू) राजधानीको फोहर व्यवस्थापनबारे पर्यटन व्यवसायीको अन्तर्क्रिया कार्यक्रममा एक अर्कालाई आरोप लगाउनुबाहेक भैरहेका प्रयासबारे निरुत्तर भएको आरोपले यसप्रति उनीहरूको असरोकारतर्फ सङ्केत गर्छ (दाहाल २०५५) ।

काठमाडौंमा फोहर व्यवस्थित गर्ने समस्या बढ्दै जाँदा स्यूचाटारमा डम्पिङ साइट निर्माण गरी तह लगाउने प्रयास भएको थियो । सर्वदलीय सहमतिको आधारमा सो निर्णयमा पुगिएको भए पनि स्थानीय बासिन्दाहरूले सो कार्यले आफ्नो क्षेत्रको सामाजिक, आर्थिक तथा वातावरणीय ह्रास गर्छ भन्दै विरोधमा सङ्घर्ष शुरू गरेका थिए (खबरपत्रिका २०५६) । प्रतिरोध हुँदाहुँदै पनि सरकारी निकायले स्यूचाटारमा डम्पिङ साइट निर्माण-कार्य जारी राखेकाले भीडन्तको स्थितिसमेत आएको थियो । फलस्वरूप साइट निरीक्षणमा गएका तत्कालीन उप-प्रधानमन्त्री एवं स्थानीय विकास मन्त्री रामचन्द्र पौडेलको टोली स्थानीय-बासीको आक्रोशको शिकार हुनुपर्‍यो । पौडेलको क्षतिग्रस्त गाडीको फोटो सहित उप-प्रधानमन्त्री घाइते भएको खबर महत्वसाथ छापामा आएको थियो (रिजाल २०५६) । सो घटना गोकर्णमा फोहर फाल्ने अवधि सकिएपछि नयाँ ठाउँको खोजीको क्रममा भएको थियो । गोकर्णमै पनि फोहर थुपार्ने कामको स्थानीयहरूले तीव्र विरोध गरेका थिए । त्यहाँ वातावरणीय प्रभाव मूल्याङ्कनअनुसार काम नभएको, बल प्रयोग गरी स्थानीय जनतालाई हिरासतमा राखेर जबर्जस्ती फोहर फालिएको तथ्य छापाले सार्वजनिक गरेको थियो (नेपाल समाचारपत्र २०५६ख) ।

फोहरमैलाको समस्याले छापामा प्रमुखता पाउने अवस्था भनेको प्रायः शहरमा फोहर थुप्रिन थालेपछि मात्र हो । फोहर थुप्रिएर शहरमा दुर्गन्ध फैलिएपछि छापाको मुखपृष्ठमा यससम्बन्धी सामग्री छापिएका पाइन्छन् । फोहर फ्याँक्ने सहमति टुटेको अवस्थामा या विवादको अवस्थामा मात्र फोहरमैला मुद्दा बन्ने स्थिति कायमै छ । सरोकारवाला संस्थाहरू पनि समस्या आएपछि मात्रै टालटुले समाधान खोज्न थाल्छन् । मिडियाले अन्य अवस्थामा पनि समस्याका जडहरू खोतल्नेतर्फ ध्यान दिए सरोकारवालाहरूको पनि समयमै सोच्न र समाधान खोज्नेतर्फ ध्यान जान्थ्यो कि ?

काठमाडौंको फोहरमैला व्यवस्थापनमा बढी विवादहरू भएकोले उपत्यकाकै समस्याका कुराहरू छापामा बढी आएका छन् । काठमाडौंको फोहरमैला व्यवस्थापनमा सक्रिय रहेका दुई निकायहरू–स्थानीय विकास मन्त्रालयअन्तर्गतको फोहरमैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्र र काठमाडौं महानगरपालिका–बीचको नीतिगत, कार्यगत असमझदारी या फोहर फाल्ने प्रमुख दायित्व कुन निकायको हो भन्ने मतभेदका कुराहरूमा लेख, समाचारहरू केन्द्रित पाइन्छन् । वास्तवमा काठमाडौंको फोहरमैला व्यवस्थापन नगरपालिका तथा फोहरमैला व्यवस्थापन केन्द्र वा स्थानीय विकास मन्त्रालयको बेमेल र तिक्तताले अझ जटिल बनाएको अध्ययन, अनुसन्धानमा उल्लेख छ (श्रेष्ठ सन् १९९३) । उदाहरणका लागि सरकारी पक्षबाट बञ्चरे डाँडा, ओखरपौवा आदि ठाउँमा ल्याण्डफिल साइट छनोट भएको र त्यहीअनुरूप काम भैरहेको जनाइएको हुन्छ भने महानगरपालिकाले फोहर तह लगाउन आवश्यक पर्ने जग्गा उपलब्ध नगराइएको कुरा बारम्बार दोहराइएको हुन्छ (खरेल २०५७ख) । यद्यपि, ती निकायका विचार तथा उपायहरूबारे सार्वजनिक बहस कमै भएको पाइन्छ ।

छापामा फोहरबारे आएका समाचारहरूमा वैज्ञानिक अध्ययन, अभिलेखहरूको आधारमा फोहरको बनोट तथा त्यसमध्ये कति परिमाण पुनः उपयोग गर्न मिल्ने वा नवीकरणीय छ र कति विषाक्त छ भनी केलाइएको कमै पाइन्छ । कतिपय सामग्रीहरूमा उल्लेख गरिने तथ्यहरूको पुष्टि हुँदैनन् । फोहरलाई जथाभावी थुपार्दा त्यसबाट निस्कने फोहर तरल पदार्थ (लिचेट)ले भूमिगत र सतहमाथिको पानीको स्रोतलाई प्रदूषित गर्छ (लामिछाने २०५७, खरेल २०५७ख) । न्यायालयले पनि यो तथ्यलाई गम्भीरतापूर्वक लिई कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायलाई आदेश गरिसकेको छ । लेखहरूमा काठमाडौंको पानीको स्रोतमा भारी धातु तत्व (हेभी मेटल्स) बढी पाइएको र त्यसलाई फोहरको समस्यासँग जोडिएको छ । तर मुख्यतः घरेलु फोहर बढी हुने काठमाडौंको फोहरमा औद्योगीकरणको परिणामस्वरूप उत्पन्न हुने यस्ता विषाक्त तत्वहरू कसरी भए र ती कति मात्रामा छन् भन्नेबारे खोजी हुनु जरुरी छ ।

फोहरको बढ्दो उत्पादन तथा त्यसको व्यवस्थापनमा एउटै निकाय तथा दृष्टिकोण क्रियाशील नभएका कारण स्थिति जटिल बनेकोतर्फ छापाका लेखहरूले इङ्गित गरेका छन् । तर फोहरको अव्यवस्थाले साधारणजनमा परिरहेका हानिकारक असरहरू सार्वजनिक गर्नमा मिडिया सामग्रीहरू कम प्रभावी देखिन्छन् । केही लेखमा प्रष्ट दृष्टिकोणको अभाव छ । ‘काठमाडौं उपत्यकाको फोहरमैला व्यवस्थापन’ (उपाध्याय २०५७) मा नदी-किनारमा फोहर थुपार्ने कामले जल प्रदूषण, विमानस्थलमा चरा-आतङ्क, स्थानीय जनताको विरोधजस्ता समस्याहरू ल्याउँछ भनिएको छ । समस्या निराकरणका लागि फोहरलाई उत्पत्ति-स्थलमै छुट्टयाएर धेरैलाई नवीकरण, पुनर्प्रयोग तथा ‘कम्पोस्टिङ’ गरेपछि थोरैलाई मात्र थान्को लगाउन समस्या नहुने कुरा तर्कसङ्गत मान्न

सकिन्छ । तर सोही लेखमै नदी-किनारमै फोहर गाडे पनि रातको समयमा गरे समस्याहरू कम आउने सुझाव दिइएको छ । रातमा होस् या दिनमा नदी-किनारमा फोहर फ्याँक्ने कार्यलाई उपयुक्त मान्न सकिन्न ।

नदी-किनारलाई स्थानीय बासिन्दाले फोहर फाल्न तथा शौचालयको लागि प्रयोग गर्ने प्रकृया नियन्त्रण नहुनुमा भएका कानूनको फितलो कार्यान्वयनलाई जिम्मेवार ठहऱ्याइएको छ (दाहाल २०५६) । तर विचार्नुपर्ने तथ्य के छ भने यी स्थानीयहरूको क्रियाकलापले गर्ने प्रदूषण महानगर-पालिकाजस्ता निकायबाट भएका वातावरणविरोधी कामअगाडि नगण्य छ– चाहे त्यो शहरभरिका ढललाई नदीमा सीधा मिसाइने व्यवस्था होस् वा ट्रकबाट नदी किनारमा फोहर थुप्र्याउने काम होस् ।

ग्रामीण तथा दुर्गम क्षेत्रमा चर्पीको अभावले सरसफाइको स्थिति कमजोर रहेको हुन्छ । चर्पी र आवश्यक सरसफाइको अभावमा झाडापखाला, हैजाजस्ता रोगहरू शुरु हुन्छन् र आवश्यक चिकित्सा सुविधा उपलब्ध नहुँदा तिनले महामारीको रूप लिन्छन् । ‘घरघरमा चर्पी हुने एकमात्र गा.वि.स. पर्वतमा’ (कान्तिपुर २०५७फ), ‘चर्पीको अभावले मुसीकोट बजार प्रदूषित’ (कान्तिपुर २०५७म) ग्रामीण सरसफाइसम्बन्धी सामग्रीका उदाहरण हुन् । ‘विपन्नता र भौगोलिक जटिलताः उत्तरी धादिङको स्वास्थ्य समस्या’ (मनिष गौतम २०५७) मा धादिङको हिमाली भेगमा कसैले सार्वजनिक कुलोमै दिसा गर्ने त कसैले त्यही कुलोको पानी खानुपर्ने अवस्थाको वर्णन गरिएको छ ।

विश्वभरिमै फोहर फ्याँक्ने काम तथा फोहरको व्यवस्थापनमा आएका समस्या वातावरणीय न्यायको प्रमुख मुद्दा बन्दै आएका छन् । तर नेपालको सन्दर्भमा छापामा आएका फोहरमैला र त्यसको व्यवस्थापनका समाचार, लेख तथा रिपोर्टिङहरू विवादको सेरोफेरोमा आएका छन् न कि जनताको स्वच्छ तथा सुरक्षित वातावरणको स्वार्थका खातिर । ती सामग्रीहरूले फोहरको समस्या र त्यसको व्यवस्थापनले पुऱ्याउने असमान बोझलाई महत्व दिएको पाइँदैन । वास्तवमा फोहरको थान्को लगाउनको लागि ल्याण्डफिल वा अन्य किसिमको डम्पिङ साइटको अवधारणा नै गलत हो । त्यसले वातावरणीय अन्याय सृजना गर्छ । फोहर थुपार्ने स्थानको छनोट तथा सञ्चालनमा लाग्ने खर्चमात्रै नभएर एक क्षेत्रको वातावरणीय बोझ अर्को क्षेत्रका जनताहरूले उठाउनु पर्ने व्यवस्था सही होइन । यसबाट पुनःचक्रण तथा पुनःप्रयोगबाट प्राप्त हुने स्रोत साधनहरूसमेत माटोमा गाडिन पुग्छन् । ल्याण्डफिल साइट चयन गर्दा वैज्ञानिक आधारहरूलाई ध्यान दिनु नितान्त जरुरी छ । सञ्चालनमा रहेका ल्याण्डफिल साइटमा फोहर थुपार्ने प्रकृया, त्यसको वर्तमान अवस्था, छोप्ने तह, लिचेट, त्यसबाट वरपरको वातावरणमा पुगेका असर तथा न्यूनीकरणको लागि अपनाइएका उपायहरूबारे स्थलगत अवलोकन वा अनुसन्धान गरेर लेखिएका सामग्रीहरू छापामा कम छन् ।

## *औद्योगिक प्रदूषण*

नेपालमा औद्योगिक विकासको गति सुस्त भए पनि स्वच्छ उत्पादन प्रकृयालाई महत्व नदिएकाले औद्योगिक गतिविधिले वातावरणमा प्रतिकूल प्रभाव पारेको छ । 'उद्योग र वातावरणीय प्रदूषण' (माथेमा २०५५) मा नेपालको पाँच विकास क्षेत्र र काठमाडौं उपत्यकाको औद्योगिक प्रदूषणको भारको तथ्याङ्क दिइएको छ । जसअनुसार बढी प्रदूषित क्षेत्र क्रमशः काठमाडौं उपत्यका, उपत्यकाबाहेकको मध्यमाञ्चल, र पूर्वाञ्चल विकास क्षेत्र छन् । पश्चिमाञ्चलमा केही र मध्यपश्चिमाञ्चल तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा औद्योगिक प्रदूषण न्यून रहेको छ ।

प्रायः उद्योग-व्यवसायबाट उत्सर्जित फोहर खोला-नदीमा सीधै फ्याँक्ने गरेको पाइएको छ र यसले ती पानीका स्रोतहरू प्रदूषित गरिरहेका छन् । तराई क्षेत्रका कागज कारखाना तथा उपत्यकाका रङ्गचाउने तथा कार्पेट उद्योगहरू प्रदूषकका रूपमा छापामा बढी चित्रण गरिएको छ । कतिपय यस्ता प्रदूषकहरूविरुद्ध स्थानीय बासिन्दाहरूले आवाज उठाएका छन् । केहीले त न्यायका लागि अदालतमा रिट दायर गरेका छन् । सुनसरीको नरसिंह गाविस-स्थित बाबा पेपर मिल्सले उद्योगबाट निस्केका विभिन्न रसायनयुक्त फोहर सुनसरी खोलामा सीधै मिसाउँदा खोलामा आश्रित जीवजन्तु, चरा-चुरुङ्गीदेखि विभिन्न प्रयोजनका लागि सो खोलाको पानी प्रयोग गर्ने छेउछाउका ६ गाविसका र इनरुवा नगरपालिका बासिन्दालाई प्रत्यक्ष मार परेको र दाह-संस्कारमासमेत बाधा भएको कारण जनाई अधिवक्ता राजु ढकालले सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभएको थियो (गोरखापत्र २०५७ ख) । त्यस्तै, धेरै उद्योगहरूले फोहर उपचार गर्ने संयन्त्र जडान नगरेका र जडान गरेकाले पनि खर्च कम गर्न साधारण मर्मत सम्भारसमेत नगर्ने तथा सञ्चालनमा नल्याउँदा त्यसले जनविरोध पनि जन्माएको छ (देवकोटा २०५७) ।

औद्योगिक प्रदूषणबारे आइयूसीएनले सन् १९९० मा देशका १२५ वटा उद्योगहरूको सर्वेक्षण गरेको थियो । जसमध्ये ६० वटा उद्योगहरू ती स्थानको प्रदूषणका लागि मुख्य जिम्मेवार मानिएका थिए । तर छापामा प्रदूषक यी उद्योगहरूमध्ये केहीको मात्र सामान्य चर्चा देख्न पाइन्छ । प्रदूषकमा परेका मध्येकै पश्चिम नेपालको बहादुरगञ्जस्थित नेपाल विषादी तथा रसायन उद्योग औद्योगिक प्रदूषणको 'हटस्पट'को रूपमा रहेको छ (थापा सन् १९९८) । सो उद्योगले प्रदूषण नियन्त्रणका लागि अति कमजोर उपाय गरेकाले त्यहाँभित्र कार्यरतहरूको स्वास्थ्यमा हानि गरिरहेको छ । र, उक्त उद्योग सो क्षेत्रको वायु प्रदूषणको लागि पनि मुख्य रूपमा जिम्मेवार छ ।

काठमाडौं उपत्यकाको वायु प्रदूषकहरूमध्ये हिमाल सिमेन्ट कारखाना प्रमुख एक हो । यसले जनस्वास्थ्यमा र भौतिक वातावरणमा दुष्प्रभाव पारेकाले विरोधमा स्थानीय जनताहरूले आन्दोलन सञ्चालन गरेका थिए

(कान्तिपुर २०५७च) । यद्यपि, सो उद्योगबाट हुने आय र रोजगारीको अवसरलाई बढी महत्व दिएको लेख पनि छापिएको छ (सुदिप श्रेष्ठ २०५७) । उद्योगले सीमित व्यक्तिहरूलाई रोजगारी दिए पनि त्यसले समग्र वातावरणमा पारेको असर, जनस्वास्थ्यमा र खेतबारी र स्वयं व्यक्तिको उत्पादकत्वमा पारेको असरलाई केलाउनु जरुरी छ । सबैभन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकार नै हो ।

उद्योगहरूबाट निस्केका फोहरले विभिन्न नदी तथा सार्वजनिक स्थलसमेत प्रदूषित गरेका छन् । तर यसप्रति सम्बन्धित निकाय तथा उद्योग प्रतिष्ठानहरू उदासीन देखिएका छन् (गोरखापत्र २०५७ण) । यो वातावरणीय अन्यायको प्रमुख मार ती प्रतिष्ठानमा कार्यरत र वरपर बस्ने कामदार तथा विपन्न वर्गका जनताहरूमा बढी पर्दछ । उनीहरू प्रदूषणबाट पर्ने नकारात्मक असरहरूबारे कतिपय अवस्थामा अनभिज्ञ हुन्छन् । थाहै पाएको अवस्थामा पनि विरोध गर्ने र प्रतिरोधका उपाय अपनाउन सक्दैनन । यस्ता वातावरणीय अन्यायप्रति छापाले फाट्टफुट्ट लेखे पनि गहिरिएर, खोतलेर अझै धेरै लेख्न बाँकी छ ।

### *प्लास्टिक/पोलिथिनको समस्या*

मानव जीवनको अभिन्न अङ्ग बनिसकेको छ प्लास्टिक । हामीले प्रयोग गर्ने थुप्रै सरसामान यही प्लास्टिकले बनेका छन् । तर नकुहिने, नष्ट हुन निकै लामो समय लाग्ने र जलाउँदा पनि 'डायोक्सिन'जस्तो मानव-स्वाथ्यका लागि घातक तत्व वायुमण्डलमा निस्कने भएकाले पोलिथिन वातावरणका लागि हानिकारक मानिन्छ । शहरी क्षेत्रमा सामान पोको पार्ने वा बोक्ने झोलाको रूपमा अत्यधिक प्रयोग गरिने प्लास्टिकले शहरी फोहरको ठूलो भाग ओगटेको छ । नेपालमा प्लास्टिकको प्रतिव्यक्ति खपत (१.५ के.जी.) विश्वको औसत खपत (१५ के.जी.) को तुलनामा थोरै भए तापनि शहरी क्षेत्रको बढ्दो खपत (प्रतिव्यक्ति ७ के.जी.) चिन्ताजनक छ । काठमाडौंको फोहरमा प्लास्टिकको भाग करिब ७० प्रतिशत भएको तर निम्नस्तरका पोलिथिनहरूको प्रयोगले फोहरको व्यवस्थापन महङ्गो र कठीन भएको तथा पुनःचक्रण तथा पुनःप्रयोगको प्रकृया सञ्चालन गर्न पनि समस्या देखिएको छ (खड्का सन् १९९७) ।

प्लास्टिकको बढ्दो प्रचलनबाट आउने वातावरणीय समस्यासँग जुध्न प्लास्टिकका झोलालाई विभिन्न क्षेत्रमा प्रतिबन्ध लगाइएका खबरहरू छापामा प्रशस्त छन् । प्लास्टिकलाई पृथ्वी दिवसमा अन्तरक्रियाको विषय बनाइएको थियो र सम्पादकीयमा समेत यो विषय समेटिएकाले यसले महत्व पाएको प्रष्ट हुन्छ (कान्तिपुर २०५७ड) । पोलिथिन झोलाविरुद्धको अभियानलाई देशव्यापी बनाउन र सशक्त रूपमा अघि बढाउन स्थानीय समूहहरूको, त्यसमा पनि गृहिणीहरूको प्रमुख भूमिका हुन्छ । प्लास्टिकविरुद्ध अभियान चलाएको 'द एक्सप्लोर नेपाल ग्रुप'द्वारा आयोजित कार्यक्रमहरूले विभिन्न पत्रिकाहरूमा

स्थान पाएका छन् । पृथ्वी दिवसको मौका पारेर 'सेभ द एन्भारन्मेन्ट फाउण्डेशन' ले पोलिथिन झोलाको विकल्पको रूपमा कागज तथा जुटबाट बनेका झोला-हरूको वितरण र प्रदर्शनी आयोजना गरेको थियो । यसले पनि सम्पादकीयमा स्थान पाएको थियो (राइजिङ नेपाल सन् २०००) । अर्कोतर्फ प्लास्टिकविरोधी अभियानले सम्बन्धित उद्योग व्यवसाय सङ्कटपूर्ण भएको भन्दै विराटनगरमा आयोजित व्यवसायीहरूको अन्तर्क्रियामा प्लास्टिकजन्य वस्तुहरूले वातावरणमा असर नपार्ने हास्यास्पद दाबी गरिएको थियो (हिमालय टाइम्स २०५६) ।

### *काठमाडौंको वाग्मती नदी प्रदूषण*

काठमाडौंको बीचबाट बग्ने वाग्मती नदी शहरी फोहरमैला र ढलको सीधा निकासको कारण अत्यधिक प्रदूषित भएको छ । पशुपति क्षेत्र हुँदै बग्ने यो नदीको धार्मिक महत्व पनि छ । विभिन्न अध्ययन, अनुसन्धानले नदीको पानी जैविक फोहरको कारण प्रदूषित रहेको देखाएको छ । घुलित अक्सिजनको मात्रा निकै कम भएकाले यो पानी उपभोग्य छैन । काठमाडौं उपत्यकाको सभ्यताको प्रतीकको रूपमासमेत रहेको यो प्राकृतिक स्रोतमा भएको प्रदूषणले छापामा महत्व पाएको छ । उद्योगपति विनोद चौधरीको *कान्तिपुर*मा प्रकाशित खुलापत्रले खुबै चर्चा पाएको थियो (चौधरी २०५७) । आमाको मृत्यु-संस्कार क्रममा आर्यघाटमा बसेका चौधरीले वाग्मतीको अवस्था देखेर आशौचकै क्रममा प्रधानमन्त्रीलाई सम्बोधन गर्दै सो पत्र लेखेका थिए । सरकारलाई तुरुन्त वाग्मतीको अवस्थामा सुधार ल्याउन र यदि सरकारले नसक्ने भए आफूलाई जिम्मा दिन भनेका थिए । उनको चुनौती थियो– "सरकारले सक्दैन भने म छ महिनाभित्र सफा गरेर देखाइदिन्छु ।" उनको सो लेखले थुप्रै प्रतिक्रिया जन्माएको थियो । धेरैले चौधरीको वाहवाही गरेका थिए भने केहीले उनलाई आफ्ना उत्पादनहरूका फोहर सोहरेर यो कार्यको शुभारम्भ गर्न आग्रह गरेका थिए (पराजुली २०५८) । चौधरीलगायतका धेरैले वाग्मतीको स्वच्छतालाई पशुपति क्षेत्रसँग अथवा धार्मिक महत्वलाई ध्यान दिएका छन् भने सरकारी प्रयास पनि पशुपति क्षेत्रमै केन्द्रित छ (गोरखापत्र २०५७क) । ठूलो धनराशी खर्चेर पशुपति मन्दिरभन्दा माथिका ढलहरू जम्मा गरेर सुरुङद्वारा तल्लो भाग (तीलगङ्गा)मा ल्याएर मिसाउने प्रयासले वाग्मतीको वातावरणीय महत्वलाई न्याय गरेको मान्न सकिंदैन ।

नदीहरूमा भैरहेको तीव्र प्रदूषणका लागि माथिल्लो तहका नेता, सरकारी कर्मचारी वा शक्तिशाली वर्गहरू जिम्मेवार भएको आरोप लगाउनेहरू पनि छन् (श्रेष्ठ सन् २०००) । शासन व्यवस्था परिवर्तनसँगै उदय भएको शक्तिशाली वर्ग–नेता, मन्त्री, अञ्चलाधीश, सिडियो आदि–ले, आफ्नो घरबाट निस्केको फोहर सार्वजनिक ठाउँ नदी-किनार वा सीधै नदीमा फ्याँक्न थालेपछि वाग्मतीको व्यथा शुरू भएको हो भन्ने लेखकको आरोप छ । आरोप-प्रत्यारोप

र प्रचारको ढ्वाङ्ग फुकिए पनि वाग्मतीलाई प्रदूषणमुक्त पार्ने ठोस प्रयास कतैबाट भएको छैन । यद्यपि, जनस्तरबाट वाग्मतीको सभ्यता बचाउन भनेर सचेतता ल्याउने तथा दवाबमूलक कार्यहरू नभएका होइनन् । त्यस्ता प्रयासले मिडियामा स्थान पनि पाएका छन् ।

## *स्वास्थ्य र उपचार*

नागरिकहरूको स्वास्थ्य अवस्थालगायत औषधोपचारमा पहुँच, औषधी, खोप, स्वास्थ्य केन्द्र तथा स्वास्थ्यकर्मीको व्यवस्था, आदि वातावरणीय न्यायको दृष्टिकोणबाट महत्वपूर्ण छन् । ग्रामीण तथा दुर्गम पहाडी क्षेत्रमा महामारीका रूपमा फैलिने हैजा, टाइफाइड, इन्सेफ्लाइटिस आदि रोगहरू; अनिकाल र कुपोषणको अवस्था; स्वास्थ्य केन्द्र, डाक्टर तथा औषधीको अभाव; सरसफाइको नाजुकस्तर; आदिले त्यहाँको जनस्वास्थ्यको स्थिति ज्ञात हुन्छ । त्यस्तै, शहरी क्षेत्रमा समेत प्रदूषण तथा वातावरणीय विनाशबाट जनस्वास्थ्यका विभिन्न समस्याहरू देखा परेका छन् । यद्यपि, छापाले जनस्वास्थ्यका उल्लिखित सबै क्षेत्र समेट्न सकेको पाइँदैन । विशेषगरी, विभिन्न क्षेत्रमा कालाज्वर, इन्सेफ्लाइटिस, हैजा वा झाडापखालाको महामारी फैलिएको बेला समाचारहरू प्रशस्त आउँछन् । साथसाथै डाक्टर र औषधीको अभाव (कान्तिपुर २०५७प), स्थानीय चिकित्सा पद्धति (जडिबुटी) को प्रचलनमा लोप (हिमालय टाइम्स २०५७क) पनि प्रमुख रूपमा आएका जनस्वास्थ्यसँग सम्बन्धित समाचार हुन् ।

अस्पताल, औषधी र स्वास्थ्यकर्मीको ग्रामीण तथा दुर्गम क्षेत्रमा जहिलेसुकै अभाव हुन्छ । र, विभिन्न महामारीहरू पनि त्यहीँ फैलिन्छन् र थुप्रैले अकालमा ज्यान गुमाउँछन् । रोगहरूले महामारीको रूप लिने मुख्य क्षेत्र हो कर्णाली अञ्चल । सरकारबाट हेपिएको यो क्षेत्रका ४५ प्रतिशतमा दमको रोग भएको बताइन्छ । कुनै उद्योग अथवा सवारी साधन नपुगेको सो क्षेत्रका बासिन्दालाई यो रोग हुनुमा घरभित्र हुने प्रदूषणले प्रमुख भूमिका खेलेको छ । त्यहाँका मानिसको जीवनशैली निम्नस्तरको छ भने सचेतता र सञ्चारको अभाव छ । जिल्ला सदरमुकाममा समेत गतिलो चिकित्सा सेवा उपलब्ध छैन (बुढा २०५७) ।

मुलुकभित्रै स्वास्थ्य सुविधाहरूको असमान वितरण छ । धनी क्षेत्रले सबैखाले सुविधा पाउन सकेका छन् जबकि गरिब र दुर्गम क्षेत्रहरूमा सामान्य ओखतीमुलोका लागि पनि व्यवस्था छैन । मुलुकभित्र यस्तो असमानता व्याप्त छ भने अन्तर्राष्ट्रियस्तरमा यस्तै अन्याय जारी छ । विकसित देशका कम्पनीहरू औषधी परीक्षणका लागि नेपालजस्ता गरिब मुलुकका जनताहरू छान्छन्, विभिन्न बहानामा । जबकि वातावरणीय न्यायको विश्वव्यापी मान्यताले कुनै क्षेत्र, वर्ग वा वर्णका मानवसमुदायमाथि कुनै पनि चिकित्सा विधि, खोप वा औषधीको प्रयोगात्मक परीक्षण गर्ने तरिकालाई वर्जित गरेको छ । 'परीक्षणका लागि मात्र पोहर ल्याइएको खोप फेरि भित्रिने' (खनाल २०५७) जस्ता केही

समाचारले त्यतातर्फ इङ्गित गर्छन् । तर यी संवेदनशील विषयहरूमा विस्तृत खोज र स्पष्ट दृष्टिकोण आवश्यक छ ।

### *असुरक्षित खाद्यपदार्थ*

प्रदूषित वातावरणले, सरसफाइका अभावले जस्तै बासी, सडेगलेका तथा निम्नकोटीका खाद्यपदार्थका कारणले पनि विभिन्न स्वास्थ्य समस्याहरू सिर्जना हुन्छन् । फोहर र मिसावटयुक्त खाद्य तथा पानीबाट सर्ने रोगहरूबाट आर्थिक अवस्था कमजोर भएका, अशिक्षित तथा पौष्टिक खानाको अभावबाट पीडितहरू नै चाँडो ग्रसित हुन्छन् (नेपाल समाचारपत्र २०५८) । तेल वा खाद्यपदार्थमा मिसावट, मिठाइ वा अन्य वस्तुमा अखाद्य रङ्गको प्रयोग, 'मिनरल वाटर' वा अन्य बन्द-खाद्यको अशुद्धता, पशु वधशालाको अभाव तथा मासु वा मासुजन्य खानाको गुणस्तरहीनता, फलफूल तथा तरकारीमा विषादी वा अन्य रसायनको खतरा, आदि वर्तमान बजार प्रणालीबाट साधारणजनको स्वास्थ्य अधिकारमा पुगेको खतराका केही उदाहरण हुन् जसबारे छापामा प्रशस्त पढ्न पाइन्छ । यी र यस्ता थुप्रै अवाञ्छित क्रियाकलापका कारण जनस्वास्थ्यमा निकै हानि भैरहेको छ । र, कतिपय अवस्थामा तिनले महामारीसमेत फैलाउन सक्छन् ।

खाद्य अनुसन्धानमा सक्रिय संस्था बायोइन्टद्वारा तयार गरिएको एक प्रतिवेदनले उपत्यकामा पाइने अधिकांश खाद्यपदार्थहरू गुणस्तरहीन रहेको बताएको थियो (नेपाल समाचारपत्र २०५६क) । प्रतिवेदनअनुसार बजारमा बेचिने ७१ प्रतिशत चामल कम गुणस्तरको भएको, ८५ प्रतिशत दालमा रङ्ग लगाइएको, १० प्रतिशत घ्यूमात्र शुद्ध भएको, १० प्रतिशत तोरीको तेलमात्र मापदण्डभित्र रहेको पाइयो । त्यस्तै, दूध र अन्य खाद्य जस्तै मःमः, माछा, मासु, चकलेट, मदिरा, खेसरीको दाल, गुणस्तरहीन नुन, रङ्गीन खाद्य पदार्थहरू आदिको बढ्दो बिक्री-वितरण र त्यसबाट जनस्वास्थ्यमा पर्ने असरहरूबारे पनि मिडियामा सामग्री पाइन्छन् । तर यस्ता अखाद्य पदार्थका बहुसङ्ख्यक उपभोक्ताहरू कुन स्तर वा वर्गका छन् भन्ने तिनमा उल्लेख पाइँदैन ।

बढ्दो उपभोगवादी संस्कृतिले पनि वातावरणीय ह्रास तथा जनस्वास्थ्यमा नकारात्मक असरहरू निम्त्याएका विचारप्रधान विवेचनात्मक लेखहरू पनि आएका छन् । 'तयारी खाना र जनस्वास्थ्य', 'उपत्यकावासीको उपभोगवादी शैली र प्रदूषण', 'जनस्वास्थ्य र बजारका असुरक्षित खाद्य पदार्थ', 'बदलिंदो खानेबानी र खाद्य असुरक्षा', आदि केही त्यस्ता लेखका उदाहरण हुन् । शहरी सभ्यतामा हुर्केका हुनेखाने वर्गलाई खाना बाँच्नको लागि मात्रै नभई जीवन-शैलीको एक अभिन्न भाग बनेको छ । उदाहरणका लागि पछिल्लो पुस्तामा विकास भएको पिज्जा खाने संस्कृतिलाई लिन सकिन्छ जसले परम्परागत परिकारलाई समेत विस्थापन गर्न थालेको छ (लाल सन् १९९९) ।

तराईका ग्रामीण क्षेत्रका न्यून-आय हुनेहरूले आयोडिनयुक्त महङ्गो नुन किन्न नसक्दा भारतबाट अवैध रूपमा आयात गरिएको गुणस्तरहीन नुन

खाइरहेको समाचार छापिएको छ (गोरखापत्र २०५७ट) । गुणस्तरयुक्त नुन, स्वच्छ खानेपानी, पौष्टिक खाना आदिमा सबै वर्गको पहुँच बढाउने कार्य सरकारको भए पनि उसले आफ्नो कर्तव्य निर्वाह गरिरहेको पाइँदैन ।

महोत्तरीको किसान बस्तीमा भारतीय क्षेत्रबाट ल्याएर बेचिने रङ्गीन बरफबारेको समाचार असुरक्षित खाद्य पदार्थसम्बन्धी सामग्रीको अर्को उदाहरण हो (गोरखापत्र २०५६) । समाचारअनुसार अधिकांश बालबालिकाहरू उपभोक्ता भएको त्यस्ता बरफलाई आकर्षक बनाउन 'गोविन्दा पोस्टर पेन्ट'को प्रयोग गरिन्छ जुन प्राकृतिक खाद्य रङ्ग होइन । अखाद्य पदार्थका कारण बरफ खाने बालबालिकालाई टाउको दुख्ने, पेट पोल्नेजस्ता स्वास्थ्य समस्यालगायत शारीरिक तथा मानसिक विकासमा समेत अवरोध भएको जनाइएको छ । त्यस्तो रसायन मिश्रित बरफ स्थानीय रूपमा सङ्कलन गरिने गाँजासँग साटिने भएकाले बरफको उत्पादन तथा बिक्री-वितरण व्यापक छ । समाचारले जनाएअनुसार यसबारे सरकारी निकायहरू अनभिज्ञ रहेको र कार्वाहीको लागि उजुरी नपरेको वा कुनै उल्लेखनीय घटना नभएकाले कार्वाही नथालिएको बताउँछन् ।

*कान्तिपुर*मा छापिएको हेटौंडाको समाचारमा गर्मीयाममा अधिकतम खपत हुने, ठेलामा राखेर बेचिने रङ्गीन सर्वतमा असुरक्षित स्रोतको पानी प्रयोग हुने उल्लेख छ । र, तिनमा अखाद्य रङ्गसमेत प्रयोग गरिने हुनाले ७५ प्रतिशतभन्दा बढी गुणस्तरहीन छन् (कान्तिपुर २०५७ज) । बसपार्क, चोकबजार, सिनेमाहल, विद्यालय तथा अन्य भीडभाडयुक्त क्षेत्रमा अधिकतम खपत हुने यस्ता न्यून गुणस्तरका पेयपदार्थका अधिकतम उपभोक्ताहरू न्यून-आय भएकाहरू र बालबालिका हुन्छन् । यसबाट पर्ने प्रभावबाट अनभिज्ञ हुनाले उनीहरू नै बढी आक्रान्त भएका छन् ।

खाद्यपदार्थमा भएको मिसावटबारेको चर्चित मुद्दा खाने तेलसम्बन्धी हो । २०५५ सालको भदौ-असोज महिनामा बजारमा उपलब्ध तेलमा 'आर्जिमोन मेक्सिकाना' तथा अन्य खनिज तेल मिसिएको तथ्यलाई सञ्चारमाध्यमले 'तेल आतङ्क'को रूपमा सार्वजनिक गरेका थिए । भारतका विभिन्न क्षेत्रमा दूषित तेलको कारण 'ड्रप्सी' रोग फैलिएको र त्यस्ता तेल नेपालमा समेत भित्रिने सम्भावित खतराले मिडियामा निकै स्थान पाएको थियो । सरकारी निकायले गरेको परीक्षणबाट बजारमा दूषित तेल पाइएको र विभिन्न ब्राण्डका वा नाम नखुलेका तेलहरूको उत्पादक तथा वितरकमाथि कार्वाहीको लागि सिफारिस गरिएको समाचार छापाहरूले महत्वसाथ छापेका थिए (अधिकारी २०५५) । यस्तो जानकारी सार्वजनिक गर्ने छापामार्फत नै सोही ब्राण्डको तेल उत्पादक या व्यापारीको खण्डनसहितको प्रचार-प्रसारले आम उपभोक्तालाई अन्योलमा पारेको थियो । व्यापारीहरूले 'आर्जिमोन मेक्सिकाना'को समस्या किसानहरूको थाप्लामा थोपरेर उम्कन खोजेका थिए (आचार्य २०५५) ।

## *विषादीको समस्या*

विभिन्न बालीनाली, रूखबिरुवाहरूमा लाग्ने रोग तथा कीराको नियन्त्रणमा प्रयोग गरिने विषालु रसायन नै विषादी हुन् । बाली संरक्षण तथा खाद्य भण्डारणमा प्रमुख रूपमा यिनको प्रयोग गरिन्छ । विषादीको अत्यधिक प्रयोग या दुरुपयोगले लक्षित गरेबाहेकका प्रजातिहरू नाश हुने, रोग-कीरामा प्रतिरोध शक्तिको विकास भई नयाँ रोग-कीराहरू देखापर्ने, मानव स्वास्थ्यमा तत्कालीन तथा दीर्घकालीन असरहरू देखिने, रसायनहरू वातावरणमा लामो समयसम्म टिकेर पछिसम्म पनि असर देखाइरहने हुन्छ । हामीकहाँ पनि कृषि उत्पादन बढाउने नाममा असुरक्षित तवरले जथाभावी विषादीको प्रयोग हुने गरेको छ । कृषकहरूलाई विषादीको सुरक्षित प्रयोगबारे ज्ञानको अभाव, सरकारी निकाय-हरूको असरोकार तथा व्यापारीहरूको सकेसम्म बढी बेच्ने प्रवृत्ति, आदि कारणले काभ्रेका विभिन्न क्षेत्रको विद्यमान स्थिति खतरापूर्ण रहेको कुरा छापामा आएको छ (पोखेल २०५५) । अन्यत्र देशमा प्रतिबन्धित विषादीहरू नेपालमा खपत भइराखेको र ती जुम्रा, उडुस, मुसा आदि मार्नसमेत असुरक्षित तरिकाले प्रयोग भइराखेको तथ्य प्रकाशमा आएको छ (थापा सन् १९९८) ।

नेपालमा धेरै तरकारी खेती गरिने पाँचखाल, साँखु, भक्तपुर, धादिङ, चितवन, सुनसरी, झापा जस्ता क्षेत्रहरूमा विषादीको अत्यधिक तथा असुरक्षित प्रयोगले स्वास्थ्यका विभिन्न समस्या देखिएको छ (वेदनिधी दहाल २०५५) । ठिमी, मनहरालगायत भक्तपुरका विभिन्न भागमा बी.एच.सी. जस्तो प्रतिबन्धित विषादी पनि नामविना र 'सेतो धुलो' वा 'एमेस्टिक पाउडर' जस्ता नामहरू प्रयोग गरेर सुक्री-बिक्री भइराखेको छ (चालिसे २०५६) । यी विषादी सागपात या तरकारी खेतीमा प्रयोग गरिने हुँदा ती तरकारी खपत गर्ने काठमाडौंको शहरी क्षेत्रको जनस्वास्थ्यमा पनि घातक असर पर्छ । उपभोक्ताहरूको असरोकार र अज्ञान यसका लागि जिम्मेवार ठहऱ्याइएको छ (श्रेष्ठ २०५५) । यसरी विषादीको जथाभावी बेच-बिखन र उपयोगले ग्रामीण क्षेत्रका बासिन्दाहरू मात्र नभई ती क्षेत्रका उत्पादनका शहरी उपभोक्ताहरू पनि उत्तिकै पीडित हुन पुग्छन् ।

विषादीहरूमध्ये पनि डी.डी.टी., एल्ड्रिन, डाइल्ड्रिन, आदि अर्गानोक्लोरिन-युक्त विषादीहरू प्रकृतिमा साधारण रासायनिक बनोटमा आउन लामो समय लाग्छ र वातावरणमा टिकिरहन्छ । यस्ता विषादीलाई 'पर्सिस्टेन्ट अर्गानिक पोलुटान्ट्स' (पप्स) भनिन्छ । केही दशकअघि विदेशी सहयोगस्वरूप आएका काम नलाग्ने वा म्याद नाघेका तथा अन्य देशमा प्रतिबन्धित यस्ता विषादीहरू अमलेखगञ्ज, नेपालगञ्ज, खुमलटार, आदि स्थानमा असुरक्षित तवरले थुपारिएको छ । यी विषादीको उचित व्यवस्थापन गर्न सरकारले गरेको ढिलाइले निम्त्याउने घातक असरहरूबारे छापाले महत्वका साथ समाचार, सम्पादकीय छापेका छन् (काठमाण्डू पोष्ट सन् १९९९ख) । करिब ८० मेट्रिक टन अनुमान गरिएको

यी 'उपहारका पोकाहरू' अत्यन्तै नाजुक अवस्थामा भण्डार गरिएको र त्यसलाई थान्को लगाउन फेरि विदेशी सहयोग माग्नुपर्ने देखिएको छ (मैनाली सन् १९९८)।

विषादी थान्को लगाउने सरकारी योजनामा तरल विषादीलाई सिमेण्ट उद्योगको भट्टीमा जलाउने, अलि कम हानिकारकलाई चुरे क्षेत्रको जङ्गलमा र विभिन्न सरकारी फार्म (जस्तै बर्दियाको कपास अनुसन्धान फार्म) मा छर्किने, अलुमिनियम फस्फाइड/जिङ्क फस्फाइड आदि धुँवा निस्कने (फुमिगान्ट्स) विषादीलाई गाड्ने तथा भारी धातुयुक्त विषादीलाई पुनःचक्रणको लागि निर्यात गर्ने नीति देखिन्छ। तर उल्लिखित कार्यहरू प्रभावित हुनसक्ने जनता तथा समुदायको सहमति वा सहभागिताविना सम्पन्न हुनुहुन्न । हेटौंडा सिमेन्ट उद्योगमा जलाउने योजनाको स्थानीयवासीलगायत विभिन्न सङ्घ-संस्थाबाट विरोध भएको पाइन्छ । त्यस्तै, कृषि मन्त्रालयअन्तर्गतको करिब १९.२ मेट्रिक टन म्याद नाघेका विषादी बर्दियाको कुम्भर जङ्गलमा गाड्ने निर्णयविरुद्ध स्थानीयवासीहरूले 'विषादी विसर्जन विरोध समिति' गठन गरी विभिन्न वातावरणवादीहरूको सहयोगमा काठमाडौंमासमेत विरोध कार्यक्रम गरेका थिए (काठमाण्डू पोष्ट सन् १९९९क)।

## *विश्वव्यापी वातावरणीय समस्या*

सन् १९९२ को रियो सम्मेलनपश्चात् वातावरणीय समस्याहरूले अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यापक महत्व पाउन थालेको हो । धनी र गरिब राष्ट्रहरूबीच वातावरणीय विनाश तथा संरक्षणका उपायहरूसमेत आर्थिक कारोबार र सहयोगको रूपमा हुनथालेको छ। खासगरी दिगो विकास, जैविक विविधताको संरक्षण र उपयोग, हावापानी परिवर्तन र विश्वव्यापी तापमानमा वृद्धि, आदि मुद्दाहरूमा धनी र गरिब मुलुकहरूको सरोकार तथा प्राथमिकतामा देखिने मतभेद विश्व वातावरणीय राजनीतिको मुख्य पक्ष हो । विश्व वातावरणीय राजनीतिक मञ्चहरूमा हाम्रो सरोकार र अठोट कुन मुद्दामा कस्तो हुनेछ भन्ने प्रष्ट न सरकारले पारेको छ न हाम्रो छापाले । धनी देशहरूले आफ्नो वातावरणविरोधी छवि गरिब राष्ट्रलाई दिने आर्थिक सहयोगभित्र लुकाउन खोजेको स्थितिमा कुन समस्याका लागि कुन हदसम्म सहयोग लिने भन्ने निर्क्योल गर्नु जरुरी छ।

आजकाल मौसम तथा हावापानीमा देखिने उतारचढाव, प्राकृतिक प्रकोप, आदिलाई विश्वव्यापी हावापानी परिवर्तनसँग जोडिएको पाइन्छ । अतिवृष्टि, बाढी, पहिरो, अनावृष्टि, शहरको तुवाँलोयुक्त वायुमण्डल, आदिलाई पनि हावापानी या मौसम परिवर्तनकै प्रतिफल मानिन्छ । छापामा विश्वव्यापी वातावरणीय समस्याका रूपमा देखापरेको ओजोन तह पातलिनु, हरित गृह प्रभाव एवं विश्वव्यापी तापक्रममा वृद्धि तथा मौसम परिवर्तनबारे छापा

सामग्री छन् तर ती प्रायः विभिन्न गोष्ठी या सम्मेलनका रिपोर्टिङहरू हुन् (माथेमा २०५७ख) । र, ती विचार लेखहरू हुन् । नेपालको हरित-गृह-ग्याँसको उत्सर्जनमा खासै योगदान नभएपनि विश्वव्यापी तापक्रम बढ्ने प्रकृयाको असर भने देखापर्न थालेको बताइन्छ । हिमाली तथा पहाडी क्षेत्रको तापक्रम बढ्दै जानु, हिमालमा हिउँको कमी हुनु, हिमनदीहरू सुक्दै जानु, हिमतालहरूको सङ्ख्या र आयतन बढ्दै जानुलाई तापक्रम वृद्धिको असर मानिएको छ (कान्तिपुर २०५७य) ।

## जैविक विविधता, प्राकृतिक स्रोत तथा जीविकोपार्जनका मुद्दाहरू

बहुसङ्ख्यक नेपालीहरूको जीविकोपार्जनको मुख्य आधार प्राकृतिक स्रोत नै हुन्: चाहे त्यो वन पैदावारको बिक्री-वितरणमा आश्रित भूमिहीन परिवार होस् चाहे कृषि-औजार तथा इन्धनका लागि वन-जङ्गलमा निर्भर होस्; वस्तुभाउको चरनको लागि वन क्षेत्रसँग सम्बन्धित होस् या सिँचाइको लागि स्थानीय खोलानाला, तालहरू होस्; जीविकाको लागि ढुङ्गा, माटो, गिट्टी, बालुवा सङ्कलन गर्ने होस् वा खाद्यपदार्थ तथा औषधी-उपचारका लागि वन पैदावरमा आश्रित आदिवासी जनजाति होस् । त्यसैले जैविक विविधता या प्राकृतिक स्रोतसँग बहुधा नेपालीको जीविकोपार्जनका उपायहरू गाँसिएकाले वातावरणमा आउने सकारात्मक, नकारात्मक परिवर्तनले ती मानिसहरूको जीवनवृत्तिमा सीधा असर पार्छ । तसर्थ, जीविकोपार्जनको सुरक्षा वातावरणीय न्यायको एउटा पाटो हो ।

नेपालको जैविक विविधताको कुरा गर्दा हिमाल, पहाड, तराई क्षेत्रका पारिस्थितिक प्रणालीको विविधताको दृष्टिकोणबाट त्यहाँका वातावरणीय समस्याहरू केलाउने विवेचनात्मक लेखहरू र केही रिपोर्टहरू छापामा आएका छन् । यो परिच्छेदमा छापामा आएका सामग्रीलाई विभिन्न शीर्षकहरूमा बाँडेर चर्चा गरिन्छ ।

### *वन्यस्रोत तथा वन्यजन्तु*

नेपालको प्रमुख चिनारीको रूपमा रहेका जैविक विविधता र प्राकृतिक स्रोतहरूमा जानाजानी वा नजानेर आक्रमण भइरहेका छन् जसले गर्दा ती विविधता या स्रोतहरू नासिने खतरा बढ्दै गएको छ । यसको साथै, संरक्षण कार्यको असफलता, अनियमित सङ्कलन र उपयोग तथा त्यसबाट सिर्जित असरहरूले सम्पूर्ण पारिस्थितिक प्रणाली प्रभावित भएको छ । त्यसमा आश्रित समुदायहरू-माथि अन्याय भएको छ । हाम्रो प्रमुख प्राकृतिक स्रोत तथा जैविक विविधताको केन्द्र वन-जङ्गल हो । जुन ग्रामीण विपन्न वर्गको उर्जा-स्रोतदेखि जीविको-पार्जनको स्रोतसमेत हो । यी स्रोतको विनाशले जीविकोपार्जनमा परेको सङ्कटबारे छापामा रिपोर्टिङ भएको छ (गोरखापत्र २०५७ड, भट्ट २०५७) ।

छापामा वन पैदावार, वन्यजन्तु, जलचर, चरा-चुरुङ्गी र वनसँग सम्बन्धित चरनक्षेत्र वा घाँसे मैदान, घना जङ्गलका समाचारहरू आउँदा तिनीहरूको उपयोगिता, संरक्षणका साथै अतिक्रमणका घटनाहरू प्रमुख रूपमा आउने गर्दछन् । वन्यस्रोतबारे केही प्राविधिक समस्याका खबरहरू आए पनि प्राविधिक रुचि तथा ज्ञानको अभावले होला तिनको फलोअप गरिएको पाइँदैन । उदाहरणका लागि तराई क्षेत्रमा प्रमुख रूपमा रोपिएका सिसौका रुखहरू अधिराज्यभरी नै अज्ञात रोगबाट मर्न थालेको समाचार पत्रिकाहरूले महत्वका साथ छापे पनि रोगको कारण एवं निदान पत्ता लागेको समाचार छापाले सार्वजनिक गरेको पाइएन । काठ-दाउरा तथा जडिबुटीको अवैध सङ्कलन तथा बिक्री-वितरणमा भएका अनियमिता, वन्यजन्तुको अवैध शिकार, संरक्षित वन्यजन्तुको सङ्कटपूर्ण स्थिति, वन तथा चरन क्षेत्रको विनाश आदि वातावरणीय न्यायका दृष्टिकोणले महत्वपूर्ण विषयमा छापामा समाचार तथा लेख आएका छन् ।

ग्रामीण क्षेत्रका कतिपय विपन्न तथा भूमिहीन समुदाय रोजीरोटीका लागि गैर-कृषि क्रियाकलापमा आश्रित हुनेहुँदा वन पैदावार उनीहरूको आजीविकाको मुख्य आधार हो । जडिबुटी तथा अन्य गैर-काष्ठ वनपैदावारको अवैध सङ्कलन, व्यापार वा बजारको अभाव, उचित संरक्षण तथा सङ्कलन नभएको जस्ता मुद्दाहरू समाचारहरूमा प्रमुख रूपमा उठाइएका हुन्छन् । 'नेपाली जडिबुटी संरक्षण र प्रयोगमा पर्याप्त ध्यान पुगेन' (कान्तिपुर २०५७ट), 'जडिबुटी उत्पादनको सम्भाव्यता प्रयास नगण्य' (गोरखापत्र २०५७ञ), 'दुर्लभ जडिबुटीको अवैध चोरी निकासी रोकिएन' (गोरखापत्र २०५७त), 'जङ्गलमा पैसा फलाउने किसान' (गोरखापत्र २०५७ङ), 'दुर्लभ जडिबुटीको व्यवस्थापन नभएको तथा चोरी निकासी बढेकोले लोप हुने अवस्थामा पुगेको' (हिमालय टाइम्स २०५७ख), 'जडिबुटी व्यवसायीहरू बजारको अभावमा चिन्तित' (तेजकुमार शर्मा २०५७), आदि केही उदाहरण हुन् । डोल्पामा, गुच्चीच्याउ उमार्न स्थानीय जनताहरूले वनमा आगो लगाउने गरेको जानकारीसहितको तस्वीर *कान्तिपुर* (२०५७)मा छापिएको थियो । यसले केही उत्पादनहरूको सङ्कलनका लागि सिङ्गै वनको विनाश हुने गरेको तथ्य प्रष्टचाउँछ ।

जडिबुटीलगायत वन पैदावारको आम्दानीको प्रमुख हिस्सा ती सङ्कलन गर्ने स्थानीय जनताहरूमा पुग्दैन; बीचका दलालहरूको हातमा पुग्छ । यसले एकातिर पहाडी तथा हिमाली भेगमा जडिबुटीको अव्यवस्थित रूपले सङ्कलन कार्यमा तीव्रता आई स्रोतको परिमाणमा कमी आउन गएको छ । अर्कोतिर, त्यसबाट प्राप्त आम्दानीमा स्थानीय जनताको हिस्सा न्यून रहनु न्यायोचित छैन । जडिबुटीलगायत अन्य वन्यस्रोतको सङ्कलन तीव्र भएकाले यो हिमाली तथा पहाडी भेगका जनताहरूको गैह्र-कृषि आय-आर्जनको मुख्य माध्यम बनेको छ । पूर्वी पहाडमा चिराइतो सङ्कलनबाट प्राप्त हुने आम्दानीले त्यहाँको प्रमुख नगदेबाली अलैंचीबाट हुने आम्दानीलाई पनि उछिनेको छ (भट्टराई र

पौडेल २०५७) । सङ्कलित वनपैदावार छिमेकी मुलुकतर्फ निकासी हुने भएकाले व्यापारीहरूले बजार नियन्त्रण गरिरहेका छन्; स्रोतको दिगो उत्पादनले कम महत्व पाएको छ । नेपालको हिमाली क्षेत्रका स्रोतहरूको उपयोगिता, निर्यात तथा आयस्रोत वृद्धि गर्ने नाममा उत्पादकत्व र पुनर्नविकरणीय क्षमतालाई समेत उछिनेर भैरहेका सङ्कलन तथा बिक्री-वितरण कार्यको बेलैमा नियन्त्रण हुनुपर्छ (बस्नेत २०५७) ।

छापाहरूमा संरक्षित वन्यजन्तुहरूको अवैध शिकार तथा बेच-बिखनले स्थान पाएको छ । केहीले चोरी-शिकारीमा संलग्नहरूबारे खोजी सामग्री दिएका छन् भने कतिपय सामान्य जानकारीमूलक समाचारका रूपमा आएका छन् । जापानमा राम्रो मूल्य पाउने खपटे किराको जापानीहरूकै संलग्नतामा नेपालका जङ्गलबाट अनधिकृत रूपमा सङ्कलन भैरहेको समाचारमा आएको थियो (न्यौपाने २०५७) । त्यस्तै, गैंडाको मृत्यु पनि पटक-पटक समाचार बनेको छ (कान्तिपुर २०५७ल, लक्ष्मण अधिकारी २०५९) । 'विकास कार्यमा लागेकाबाट विनाश' शीर्षकको समाचारमा बर्दियाको सिँचाइ आयोजनामा कार्यरत चिनियाहरूले स्थानीय व्यक्तिहरू-मार्फत बाँदरहरूको सङ्कलन गर्ने, किन्ने गरेको बताइएको छ (करणबहादुर शाह २०५७) । हिउँचितुवा, बाघ, हात्ती, अर्ना, अजिङ्गर आदि-जस्ता संरक्षित वन्यजन्तु पनि वासस्थानको विनाश, अवैध शिकार तथा बढ्दो मानवीय वा पर्यटकीय चापबाट सङ्कटमा पुगेका छन् । जसबारे छापामा जानकारीमूलक, खोजमूलक सामग्री तथा वकालत पनि गरिएको छ (कामत २०५३) । लेखमालाबाट साभार गरिएका लेखहरू जस्तै 'बाघ भेटिएला अजिङ्गर भेटिंदैन' (सापकोटा २०५७), 'निखँदै गएको नेपालको वन' (भुजु २०५७) आदिले वैज्ञानिक अनुसन्धानका तथ्यहरूलाई सर्वसाधारणले बुझ्ने किसिमले प्रस्तुत गरेका छन् ।

## *सामुदायिक वन*

स्थानीय समुदाय तथा उपभोक्ताको सक्रिय सहभागितामा उनीहरूको आवश्यकता समेत पुरा हुने किसिमले प्रभावकारी वन व्यवस्थापनका लागि सामुदायिक वन व्यवस्थापन प्रणालीको विकास भएको हो । 'वन संरक्षणका लागि उपभोक्ताहरूमा जागरण' (कान्तिपुर २०५७क), 'जनताले जङ्गलको सुरक्षा गर्न थालेपछि नाङ्गा पाखाहरूमा हरियाली छायो' (गोरखापत्र २०५७ज), 'सिन्धुलीका नाङ्गा डाँडा हरिया देखिन थालेका छन्' (गोरखापत्र २०५७च), 'दाङमा वन विनाश घट्‌दैछ' (गोरखापत्र २०५७ग), 'कबुलियती वनले जीवनस्तरमा परिवर्तन ल्याउने' (कान्तिपुर २०५७ठ) जस्ता शीर्षकमा आएका समाचारहरूमा सरकारी तथा गैरसरकारी स्तरबाट पनि विश्वस्तरमै सफल भएको भनिंदै आएको सामुदायिक वन व्यवस्थापन कार्यक्रमलाई सराहाइएको

छ । सहभागितामूलक प्राकृतिक स्रोत व्यवस्थापन कार्यक्रम भएकाले यो वातावरणीय न्यायको दृष्टिकोणबाट पनि सकारात्मक छ ।

तर सफलतालाई प्रशंसा गरेर त्यसको नकारात्मक पक्षलाई लुकाउँदा यसभित्रको विसङ्गतिले पछि फैलने मौका पाउने हुँदा त्यहाँ भएका अनियमितता या अवाञ्छित गतिविधिहरूलाई पनि मिडियाले बाहिर ल्याउनुपर्छ । ठूला-ठूला परियोजनाअन्तर्गतका कार्यक्रममा लगानीअनुसार प्रतिफल कति छ, कार्यक्रम कसरी गइरहेको छ र वन व्यवस्थापनका विवादहरू के कस्ता छन्, आदि सवालहरूबारे खोतल्नु आवश्यक छ । उपभोक्ता समूह वा समितिभित्रका टाठाबाठा पदाधिकारीहरूले ठेकेदार, कर्मचारीको मिलोमतोमा अनियमितता गरेका केही समाचार छापिएका छन् । तर यस्ता समाचार प्रायः विवाद उत्पन्न भएपछि वा सरकारी कार्वाही भएपछि मात्र आउँछन् (कान्तिपुर २०५७ר) ।

'इन्धनको समस्या भोग्दैछन् गहुँबारीका माझी' शीर्षकको समाचारमा रामेछापका कमजोर आर्थिकस्थिति र बहुसङ्ख्यक आदिवासीहरू रहेको गाउँमा इन्धनको अभावबाट जनजीवन कष्टप्रद भएको जनाइएको छ (भट्ट २०५७) । उनीहरूले पहिलेदेखि नै प्रयोग गर्दै आएको वन-क्षेत्र अर्को समुदायको अधिकार क्षेत्रभित्रको सामुदायिक वनमा परिवर्तन हुँदा समस्या देखा परेको हो । माझीहरूको भागमा परेको वन निम्नस्तरको हुँदा इन्धनको स्रोत जुटाउन वर्षायाममा नदीले बगाएका मुढा सङ्कलन गर्नुका साथै बालबालिकाको सक्रियतामा सुकेका वनमाराबाट जीविका चलाउनु पर्ने अवस्था आइपरेको छ । यसले आर्थिक-सामाजिक-राजनीतिक रूपले कमजोर वर्ग कसरी सामुदायिक वन कार्यक्रमबाट अझ कमजोर तुल्याइन्छ भन्ने बताउँछ ।

जातीय भेदभावका कारण दलितहरूलाई सामुदायिक वनमा सहभागी नबनाउने अथवा बनाए पनि दोस्रो दर्जाका सदस्यका रूपमा व्यवहार गरिएका अथवा वन संरक्षणबाट प्राप्त हुने फाइदाहरूको असमान वितरण गरिएका उदाहरण मनग्य पाइन्छन् । यो स्थानीय तहमा हुने वातावरणीय अन्यायको अर्को उदाहरण हो । त्यस्तै, सामुदायिक वन कार्यक्रमको कारण परम्परागत पेशा सङ्कटग्रस्त हुन पुगेका उदाहरण पनि छन् । भूमिहीन दाउरे, कोइलाको लागि वनमा भर पर्ने दलित, भेडापालक किसानहरू, आदि सामुदायिक वन कार्यक्रमबाट प्रभावित भएका छन् तर तिनको समस्या समाधान गर्नेतर्फ प्रयास गरिएको छैन ।

पश्चिमी हिमाली भेग कर्णालीमा भेडाहरू मासुको महत्वपूर्ण स्रोत हुनुका अतिरिक्त सामान ओसारपसार गर्ने वाहनसमेत हुन् । तर बाटोमा पर्ने सामुदायिक वनको कारण व्यापारिक ढुवानी मार्ग अवरुद्ध भएको बताइन्छ । यसै सन्दर्भलाई लिएर हुम्लाका वन अधिकृतको *कान्तिपुर*मा प्रकाशित लेखमा सामुदायिक वनले परम्परागत भेडी मार्गलाई विस्थापित गरेपछि त्यहाँ अनिकाल लागेको उल्लेख छ (कँडेल २०५५) । सामुदायिक वनकै कारण भेडापालन

व्यवसायमा ह्रास आएकोले खेतीयोग्य जमिनको उर्वराशक्ति घट्न गई खाद्य उत्पादनमा कमी आयो । त्यस्तै, पूर्वी पहाडी क्षेत्र, इलाममा भेडाको ऊनबाट घरेलु सामान उत्पादन गर्ने गुरुङहरूको पेशा पनि सामुदायिक वनकै कारणले सङ्कटग्रस्त हुनपुगेको जनाइएको छ (निरौला २०५५) । सामुदायिक वनको विस्तारले चरनमा नियन्त्रण भएपछि किसानहरूले भेडा बेच्नुपरेको हुँदा ऊनको अभावमा पेशागत सङ्कट आएको बताइन्छ । यी र यस्ता अरू थुप्रै समस्याहरू देखा परेका छन् जसको निराकरण जरुरी छ ।

एउटै कार्यक्रमको रिपोर्टिङ गरिएका दुई समाचारमा परस्पर बाझिने निष्कर्ष दिइएका छन् । 'सामुदायिक वनको शुरुआतले दोलखाको वन विनाशमा कमी' शीर्षकको समाचारले नेपाल स्वीस सामुदायिक वन परियोजनाबाट प्राप्त दोलखा जिल्लाको सामुदायिक वनसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्दै १४,११९ परिवारका सदस्यहरू लाभान्वित भएको जनाएको छ (आजको समाचारपत्र २०५५) । सो कार्यक्रमबाट वन विनाशमा रोकथाम भएको, स्थानीयवासीको सङ्गठित रूपमा वन संरक्षण गर्ने चासो बढेको, महिला समूहद्वारा व्यवस्थित वनको माध्यमबाट महिला सशक्तिकरणमा जोड पुगेको उल्लेख छ । समाचारको अन्त्यमा वन विनाश गरी धन कमाउने व्यक्ति वा समूहहरू सामुदायिक वन कार्यक्रमबाट अप्ठेरोमा परेर आक्रोशित भएको जनाइएको छ । तर 'दोलखामा सामुदायिक वनले समस्या पनि निम्त्याएको छ' शीर्षकको *हिमालय टाइम्स* (२०५५)मा छापिएको उही तथ्याङ्क प्रस्तुत गरेर वन व्यवस्थापनमा भएको प्राविधिक त्रुटि केलाइएको छ । समाचारमा सामुदायिक वन बढाउने नाममा सजिलै उम्रने सल्लाको बिरुवामात्र रोपिएकाले अन्य महत्वपूर्ण बिरुवा, त्यसको फलमा आश्रित चरा तथा अन्य जीवजन्तु सङ्कटमा परेको र स्थानीय कृषि प्रणालीसमेत प्रभावित भएको उल्लेख छ । एउटै कार्यक्रमबारे गरिएको रिपोर्टिङमा विपरीत दृष्टिकोण आउनु अनौठो नै त होइन । तर यसले प्रायोजित सामग्रीहरू त छापिइरहेका छैनन् भन्ने प्रश्न पनि उब्जाउँछ ।

सामुदायिक वनको सम्बन्धमा सरकारी क्षेत्रबाट बेलाबेलामा हुने नीतिगत परिवर्तन वा अन्य निर्णयहरूले उपभोक्ताहरूको अधिकार सीमित पार्न खोजेको जस्ता मुद्दाहरूमा छापामा सामग्रीहरू पाइन्छन् । तराई तथा चुरे क्षेत्रका वन समुदायलाई हस्तान्तरण नगर्ने निर्णय; समुदायले वन व्यवस्थापनबाट प्राप्त गरिरहेको आर्थिक लाभ कटौती गर्ने निर्णय; काठ दाउराको सङ्कलन, बिक्री-वितरण र विदेश निकासीको सम्पूर्ण जिम्मा टिम्बर कर्पोरेशनलाई दिने निर्णय; उपभोक्ताहरूले वन व्यवस्थापन कार्ययोजनाअनुरूप नै व्यापारिक रूपमा वनमा गरिने रूख छपान, मुछान, कटान, बिक्री-वितरण, ढुवानीसमेत रोक्का गर्ने परिपत्र; वन मन्त्रालय तथा टिम्बर कर्पोरेशनअन्तर्गत रहेका पुराना काठ भारततर्फ निकासी गर्न भन्सार दर २०० बाट ३० प्रतिशत पुऱ्याइने निर्णय; आदि सरकारले यो क्षेत्रमा पछिल्ला समयमा गरेका महत्वपूर्ण निर्णयहरू हुन् ।

उपभोक्ता समूहहरूले सरकारका यी निर्णयहरूले जनताको प्राकृतिक स्रोतमाथिको अधिकारलाई कुण्ठित गर्नेमात्र नभई वन्यउत्पादनको माध्यमबाट अधिकारप्राप्त निकायका व्यक्तिहरूले अनुचित फाइदा लुट्न र भ्रष्टाचार गर्न खोजेको आरोपसमेत लगाएका थिए ।

वन ऐनको संशोधन गरेर उपभोक्ताको अधिकार सीमित गरी वन कर्मचारीलाई स्वेच्छाचारी अधिकार दिन लागेको आरोप लगाउँदै वन उपभोक्ता महासङ्घअन्तर्गतका देशका विभिन्न क्षेत्रका उपभोक्ताहरूले राजधानीमा गरेको विरोध प्रदर्शनलाई २०५७ साल फागुन ३० गतेका सरकारीलगायत सबैजसो ब्रोडशिट छापाले महत्वकासाथ समेटेका थिए । उक्त प्रस्तावित संशोधनमा समुदायको आवश्यकता, क्षमता र चाहनाको आधारमा राष्ट्रिय वनको कुनै पनि भाग समुदायलाई हस्तान्तरण गर्न सकिने अवस्थालाई पहाडी क्षेत्र तथा तराईका टुक्रे तथा विनाश भएका वन क्षेत्रमा सीमित गरी तराई, भित्री मधेश तथा चुरे क्षेत्रका ५० हेक्टरभन्दा बढी क्षेत्रफल भएका वनलाई 'चाक्ला वन'को रूपमा वन विभागको नियन्त्रणमा रहने प्रावधान राखिएको थियो (महापात्र सन् २००१) ।

यसबाहेक, वनप्रति स्थानीय जनताको अधिकार घाँस-दाउरा तथा पात-पतिङ्गर सङ्कलनमा सीमित गरिने, वन्य उत्पादनको मूल्य तोक्ने अधिकार उपभोक्ता समूहबाट जिल्ला वन अधिकृतमा सारिने, वन व्यवस्थापन तथा विकासबाट प्राप्त हुने २५ प्रतिशतबाहेक सम्पूर्ण आम्दानी सामुदायिक विकासमा खर्च गर्न पाउनेमा ४० प्रतिशत आम्दानी सरकारलाई बुझाउनु पर्ने जस्ता प्रावधानहरू सो ऐनमा राख्न प्रस्तावित गरिएको थियो । मन्त्रालय तथा अधिकारीहरूले उपभोक्ता समूह, महासङ्घ वा सम्बन्धित विज्ञसँग सरोकार वा छलफल नै नगरी उक्त गोप्य संशोधन मस्यौदा तयार गरेको र क्षेत्रगत (तराई, पहाड, हिमाल) आधारमा फरक-फरक व्यवस्था गरिएकोमा विरोध जनाइएको थियो । ऐन संशोधन गर्ने सरकारको यो प्रयासलाई वातावरणीय अन्यायका रूपमा लिन सकिन्छ जसको विरोध विभिन्न वन परियोजनाअन्तर्गत आर्थिक सहायता दिने दाता समूहहरूले पनि गरेका थिए (कान्तिपुर २०५७स) । सरकारी रवैयाको विरोधमा लेखिएका समाचार तथा विचारलेखहरूले छापामा राम्रै स्थान पाएका थिए ।

### *जलस्रोत*

काठमाडौंमा अत्यधिक प्रदूषित वाग्मती नदीबारे यसअघि चर्चा गरिएकाले अन्य जलस्रोतबारे आएका सामग्रीलाई यो परिच्छेदमा केलाइन्छ । तिनाउ खोला (बुटवल), फेवाताल र सेती नदी (पोखरा), सिर्सिया खोला (वीरगञ्ज), विग्ही खोला (महोत्तरी), नारायणी नदी (चितवन) आदि प्रदूषणबाट आक्रान्त बनाइएका र समाचार शीर्षक बनेका जलसम्पदाहरू हुन् । ती सम्पदाहरूको

पानीको गुणस्तरमा आएको ह्रासले (कामत २०५३) तथा जलविद्युत आयोजनाले (लौडारी २०५८) जैविक विविधतामा पुऱ्याएको सङ्कटबारे छापामा यदाकदा चर्चा गरिएको छ । त्यसबाहेक, केही सीमित व्यक्तिहरूले आय-आर्जनको लागि सार्वजनिक नदी वा पोखरीमा माछा मार्न करेन्ट प्रवाह गर्ने, विषादीको प्रयोग गर्ने क्रियाकलापले वातावरणीय प्रणालीमा सोझै आक्रमण गरेका हुन्छन् (गोरखापत्र २०५७ठ) ।

जलस्रोतको विकासका लागि सञ्चालित विभिन्न परियोजनाहरूले कतिपय परिवार तथा समुदाय नै विस्थापित भएको अवस्था छ । विस्थापित भएर, उचित क्षतिपूर्ति नपाएर, विभिन्न वातावरणीय तथा सामाजिक विनाशको भागीदार भएर, जीविकोपार्जनमा सङ्कट आएर स्थानीय बासिन्दाहरू एकातिर पीडित भएका हुन्छन् । अर्कोतिर, आयोजनाको लाभ, जस्तै सिँचाइको लागि नहरको पानी वा उत्पादित विद्युत, रोजगारी वा बजार-व्यवसाय विकासको अवसर आदि, स्थानीय व्यक्तिहरूले प्राप्त गर्न सकेका छैनन् । स्थानीय जनताको जीविकोपार्जनमा असर पुऱ्याएका जलस्रोतसँग सम्बन्धित र छापामा स्थान पाएका केही आयोजनाबारे यहाँ सामान्य चर्चा गरिन्छ ।

जलविद्युत केन्द्र निर्माणका क्रममा पानीको स्रोतको उपयोगका अतिरिक्त आयोजना निर्माणका लागि स्थानीय समुदायको स्वामित्वमा रहेका जग्गा जमिनसमेत आवश्यक हुन्छ । आयोजनाले कतिपय क्षेत्र डुबानमा पनि पार्दछ । यसले विवाद र असन्तुष्टि ल्याउँछ । कतिपय अवस्थामा ती सम्झौतामा टुङ्गिन्छन् भने कहिलेकाहीं लामो समयसम्म विवाद कायमै रहन्छ । कतिपय स्थितिमा भने गरिएका सम्झौताहरूको पालना नहुँदा द्वन्द्व सृजना हुन्छ । प्यूठानस्थित झिमरुक जलविद्युत आयोजनाले सिँचाइका लागि पानी छोड्ने र जग्गाको मुआब्जा दिनेबारे भएको सम्झौता कार्यान्वयन नहुँदा स्थानीय जनता तथा नेताहरूले विरोध गर्दै विद्युत प्रसारणसमेत अवरुद्ध पारेका थिए (कान्तिपुर २०५७भ) ।

अर्को जलविद्युत आयोजना–कुलेखानी–बाट अति प्रभावित मकवानपुरको क्षेत्र नम्बर ३ का १२ गाउँका जनताले विद्युतको उपभोग गर्न पाएका छैनन् । विद्युत वितरण गरिनुपर्ने माग राख्दै आन्दोलनरत स्थानीयवासीको समर्थनमा जनप्रतिनिधिहरूले विद्युत आयोजना बन्द गर्ने चेतावनी दिएका थिए (कान्तिपुर २०५७व) । 'मार्खुवासीको सपना कुलेखानीमा पुरियो' शीर्षकको समाचारमा कुलेखानी जलविद्युत आयोजनाबाट स्थानीय जनताको जीवनशैली छिन्नभिन्न भएको, ऐतिहासिक स्थलको रूपमा चिनिएको ठाउँमा रक्सी र माछाको अत्यधिक उपभोगबाट विकृतिहरू बढेको जनाइएको छ (विष्ट २०५७) ।

मर्स्याङ्दी आयोजना नजिकको आँबुखैरेनीका स्थानीय बासिन्दाहरूले विद्युत सुविधा नपाएकाले सुविधा उपलब्ध गराउने आश्वासन दिने तत्कालीन मन्त्री गोविन्दराज जोशीप्रति आक्रोश व्यक्त गरेको समाचार छापिएको थियो । सो

आयोजनाको कूल आयको एक प्रतिशत रकम स्थानीय विद्युतीकरणमा खर्चिनु-पर्ने माग स्थानीय जनताले गरेका थिए (कुलचन्द्र न्यौपाने २०५७) । त्यस्तै मध्य-मर्स्याङ्दी जलविद्युत आयोजनाबाट स्थानीय पानी घट्टहरू विस्थापित भएको; स्थानीय जनताको खानेपानी, सिँचाइ तथा माछा मार्ने वा अन्य किसिमको जीविकोपार्जनको उपायलाई महत्व नदिइएको; निजी जग्गा जलमग्न हुँदा पनि क्षतिपूर्ति नदिइएको, जस्ता समस्याहरू छापाले उठाएको थियो (साँघु २०५८) । सो आयोजनाको विरोधमा 'मर्स्याङ्दी उपत्यका सिँचाइ जनसरोकार अभियान' अन्तर्गत स्थानीय जनताहरूले सरकारलाई सिँचाइको लागि आवश्यक पानी माग गरेका थिए । उनीहरूले माग पूरा नभएमा आयोजनाका निर्माण सामग्री ओसार्ने सवारी साधनको आवागमनसमेत ठप्प पारिदिने चेतावनी दिएका थिए ।

निजी क्षेत्रबाट निर्मित दोलखास्थित खिम्ती जलविद्युत आयोजनाले पनि स्थानीय प्रभावितहरूका लागि आवश्यक कार्य नगरेकोले सो अन्यायको विरोधमा त्यहाँका जनता सङ्घर्षमा उत्रिएका थिए । आयोजनाको लागि सुरुङ बनाइएको क्षेत्र कृषिमा आश्रितहरूको जग्गा थियो । सो जग्गा अधिग्रहण गरे पनि नियमानुसार पाउनु पर्ने क्षतिपूर्ति जग्गा-धनीहरूले पाएका छैनन् र उनीहरूको जीवनवृत्ति सङ्कटमा परेको छ । पानीको प्राकृतिक बहावलाई परिवर्तन गरी सुरुङमा पठाउँदा जैविक विविधतामा आउने ह्रासको उपयुक्त रोकथाम नअपनाई वृक्षारोपण गर्ने नाममा केही बाहिरीया प्रजाति रोपिएको छ । पुरानो बहाव क्षेत्रका आदिवासी माझीहरू जीविकोपार्जनमा सङ्कट आई विस्थापित भैसकेका छन् । स्थानीय प्रभावितहरूको सो आयोजनाको विरोध अभियानलाई छापाहरूले समेटेका थिए । उनीहरूले २०५७ फागुन २८ गते चरिकोटस्थित नेपाल विद्युत प्राधिकरणको कार्यालय घेराउ गरी आयोजनाको पानी थुनिदिने चेतावनी दिंदै कर्मचारीलाई हाजिर गर्नसमेत दिएका थिएनन् (कान्तिपुर २०५७ष) । स्थानीय सांसदको संयोजकत्वमा सङ्घर्ष समिति गठन गरी सञ्चालन गरिएको सो अभियानको माग आयोजनाबाट प्राप्त राजस्वबाट स्थानीय विकासको निम्ति लगानी, प्रभावित क्षेत्रमा ग्रामीण विद्युतीकरण, आदि रहेको थियो । सङ्घर्ष समिति र जलस्रोत मन्त्रीबीच वार्ता भई माग पूरा गर्न एक महिनाको समयावधि दिने निष्कर्षमा सो कार्यक्रम स्थगित भएको थियो (ईश्वरी न्यौपाने २०५७) ।

## *सुकुमबासी समस्या*

सार्वजनिक जग्गा-जमिन तथा वन अतिक्रमणका घटनाहरू र त्यससम्बन्धी विवाद वा विरोधहरूमा प्रायः जोडिएर आउँछ सुकुमबासी शब्द । सुकुमबासी छापामा प्रमुखताका साथ आउने विषयमध्ये हो किनकि यो हाम्रो सन्दर्भमा कुनै न कुनै रूपमा राजनीतिक पद्धति र नेताहरूसँग जोडिएको हुन्छ (गोरखापत्र २०५७छ) । मानवीय क्रियाकलापबाट वन-जङ्गल क्षेत्र, नदी, नाला, ताल, पोखरी,

आदि प्राकृतिक स्रोतहरूमा प्रदूषण गरिएजस्तै अतिक्रमणका घटनाहरू पनि प्रशस्त छन् । अतिक्रमणमा सीमित वर्ग, समुदायको वा सम्बन्धित निकाय वा राजनीतिक प्रतिनिधिहरूको गैर जिम्मेवारपूर्ण क्रियाकलापहरूको पनि प्रत्यक्ष भूमिका हुन्छ । अतिक्रमण हुने क्षेत्रमा सार्वजनिक जग्गा-जमिन अग्रपंक्तिमा आउँछ जसको प्रत्यक्ष कारक सुकुमबासी तथा अव्यवस्थित बस्तीहरूलाई नै देखाइएको हुन्छ । सुकुमबासी बस्तीको विकास प्रकृया तथा गरिब सुकुमबासी बस्तीमा वातावरणीय स्वच्छता र सरसफाइको अभाव आदि विद्यमान वातावरणीय अन्यायका समस्याहरू हुन् । शहरीकरणको सन्दर्भमा सुकुमबासी समस्या वातावरणीय अन्यायको एउटा मुद्दा बन्न पुगेको कुरा पोखराको अध्ययनबाट पनि देखिएको छ (जगन्नाथ अधिकारी २०५९ख) ।

एकातर्फ अतिक्रमण गर्ने कार्य जारी छ भने अर्कोतर्फ वन, नहर वा सडक क्षेत्र आदि अतिक्रमण गरी बसेका सुकुमबासीहरूलाई विस्थापन गर्न पनि कार्वाही अगाडि बढाइरहेको पाइन्छ । यस्ता काम कार्वाही राजनीतिक विवादको विषय बन्दा तिनले छापामा धेरै स्थान पाउँछन् । बाँकेमा, जिल्लास्थित सरकारी निकायले वन क्षेत्र अतिक्रमण गरी बसेका चार हजार सुकुमबासीलाई त्यहाँबाट हट्न ४८ घण्टे सूचना दिँदादिँदै सुकुमबासी नहटाउन वन तथा गृह मन्त्रालयलाई प्रधानमन्त्रीको तोक आदेश आएको समाचार छ (कान्तिपुर २०५७ण) । अर्को समाचारअनुसार पुनर्वास गराइएका सुकुमबासीहरू वरिपरिका ठूला उद्योगपतिका चिया वगानका कारण तरकारी उत्पादन गर्ने पेशा सङ्कटमा पर्न थालेकाले फेरि सुकुमबासी नै बन्नुपर्ने आशङ्काबाट त्रसित छन् (बराल २०५७) ।

## *स्थानीय जनता*

प्रकृति तथा जैविक विविधता संरक्षणका लागि विभिन्न निकुञ्ज, आरक्ष वा अन्य संरक्षण क्षेत्रहरूका साथै चिडियाखाना, मध्यवर्ती क्षेत्र, सामुदायिक वन जस्ता अवधारणाहरू विकास भएका छन् । यस्ता संरक्षण कार्यक्रमको शुरुआत, स्थापना तथा सफलताबारे विभिन्न गोष्ठी, सम्मेलन वा अन्य अन्तर्क्रिया कार्यक्रमको रिपोर्टिङ गर्ने क्रममा मिडियामा आउँछन् । एकादुई संरक्षित क्षेत्र कार्यक्रमभित्र भएका अनियमितता तथा अवैध क्रियाकलापहरूले पनि मिडियामा स्थान पाएका छन् । तर यस्ता संरक्षण क्षेत्र तथा सामुदायिक स्रोत परिचालनसम्बन्धी कार्यक्रमबाट वास्तविक फाइदा कसलाई पुगेको छ, त्यस्ता कार्यक्रममा स्थानीय व्यक्तिको सहभागिता के कस्तो छ भन्नेबारे लेखाजोखा गर्ने खालका लेख तथा समाचार न्यून छन् । केही सामग्री यस्ता कार्यक्रमको पूर्ण विरोध गर्दै पनि आएका छन् । उदाहरणका लागि 'एकेप-अन्नपूर्ण प्रकृति संरक्षण कि तमुको प्रदूषण' शीर्षकको लेखमा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको माध्यमबाट परम्परागत संस्कृति र जीवन शैलीमा विचलन ल्याउन र वास्तविक

फाइदा पाउनबाट स्थानीय बासिन्दालाई वञ्चित गराउन आयोजनाको माध्यमबाट इतिहासकालदेखि नै बाह्य समुदायबाट षडयन्त्र भएको आरोप लगाइएको छ ।

जैविक विविधताको 'यथास्थान संरक्षण'का लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षहरू स्थापना गरिएका हुन्छन् । यी संरक्षित क्षेत्रहरू पर्यावरणीय पर्यटनको लागि पनि महत्वपूर्ण हुन्छन् । यस्ता संरक्षित क्षेत्रको दिगो व्यवस्थापनका लागि स्थानीय जनतासँग व्यवस्थापन निकायको सुदृढ तथा सम-सहभागितामूलक सम्बन्ध रहनुपर्छ । तर ती निकायले स्थानीय तथा आदिवासी जनताको प्राकृतिक स्रोत उपयोगको परम्परागत अधिकारलाई महत्व नदिने, संरक्षण क्षेत्रको विस्तार वा अन्य नीति तथा कार्यक्रम निर्माण प्रकृयामा जनताहरूको संलग्नता नरहने, बालीनाली, घरपालुवा जनावर तथा मानव जीवनमा वन्यजन्तुको आतङ्क रहने, विस्थापित हुनुपर्ने, क्षतिपूर्ति वा आर्थिक लाभमा हिस्सा नरहने, कर्मचारी तथा सुरक्षाकर्मीको भेदभावयुक्त व्यवहारबाट पीडित हुने, लगायतका कारणहरूबाट स्थानीय जनता तथा संरक्षण क्षेत्रबीच द्वन्द्वको स्थिति सिर्जना भएको हुन्छ ।

छापाहरूमा वन्यजन्तु आतङ्कका केही घटनाहरूको रिपोर्टिङको अलावा केही सङ्कलित तथा साभार गरिएका लेखहरू पढ्न पाइन्छन् (चन्द्रकिशोर २०५७) । तर पछिल्ला दिनमा संरक्षित क्षेत्र तथा स्थानीय जनताको अन्तरसम्बन्धलाई पनि महत्व दिन थालिएको छ जसले गर्दा मध्यवर्ती क्षेत्र कार्यक्रमजस्ता सह-भागितामूलक संरक्षणको अवधारणा विकास भएको छ । यद्यपि, यी कार्यक्रममा जीविकोपार्जनको उपाय नभएका आदिवासी समुदायहरूको प्रतिनिधित्व तथा सहभागिता कस्तो स्तरको छ तथा उनीहरू यसबाट कत्तिको लाभान्वित भएका छन् भन्ने केलाउन बाँकी नै छ ।

'पीडित जनताहरू फाइदाको भागीदार बन्न नसकेको' (गौतम तथा पाण्डे २०५७) वा 'वैकल्पिक उपायविना नै विस्थापनको त्रासमा बाँच्नुपरेको स्थिति' (सुबोध गौतम २०५७ख)ले संरक्षण आखिर किन र कसको लागि भन्ने प्रश्न गरेको छ । त्यस्तै शाही बर्दिया राष्ट्रिय निकुञ्ज २५ वर्ष पुगेको अवसर पारेर आएको लेखमा निकुञ्जको परिचय तथा त्यहाँको जैविक विविधता संरक्षणमा सघाउ भएको तथ्याङ्क पाइन्छ । लेखका अनुसार स्थानीय जनता र निकुञ्जबीचको नराम्रो सम्बन्ध मध्यवर्ती क्षेत्र कार्यक्रमबाट सुध्रिएको र अहिले विभिन्न विकास आयोजनाहरू कार्यान्वयित हुँदैछन् (माथेमा २०५७घ) । तर राष्ट्रिय निकुञ्जको कारणले पीडित भएका जनताहरूले हालसम्म क्षति-पूर्ति नपाएको, नियमानुसार आम्दानीको ५० प्रतिशत रकम स्थानीय विकासमा नलगाएको जस्ता गुनासाहरू पनि छँदैछन् ।

परम्परागत अवधारणाअन्तर्गत संरक्षित क्षेत्रहरूमा सेनाले निभाइरहेको भूमिकाबारे प्रश्न उठिरहेको छ, एकातर्फ भने अर्कोतर्फ वनसम्बन्धी सरकारी

कार्यालयहरू वन विनाश रोक्न सेना गुहार्न परेको तथ्य पनि छँदैछ (कान्तिपुर २०५७न) । तर संरक्षणको जिम्मा समग्रमा सेनालाई दिनु स्थानीय जनताको वातावरणीय अधिकारलाई महत्व नदिनु हो । सेनाले संरक्षणमा पूर्ण सफलता पाउन नसकेको तथ्य निकुञ्जहरूमा अवैध शिकार नरोकिनुले प्रष्टचाउँछ (सुबोध गौतम २०५७ग) । अझै, शाही सेनाकै उच्च अधिकृतलाई चितवनको निकुञ्जबाहिरको जङ्गलमा मारिएको एउटा रतुवा मृगसहित वन कार्यालयको गस्तीटोलीले घटनास्थलमै पक्राउ गरेको समाचार २०५७ फागुन २८ का सबैजसो ठूला आकारका दैनिक पत्रिकाहरूमा आएको थियो ।

*कान्तिपुर*मा मारिएको मृगको फोटोसहित प्रथम पृष्ठमै समाचार प्रकाशित थियो (कृष्ण भण्डारी २०५७क) । उक्त विषयले छापामा ठूलै महत्व पाएका कारण सेनाकै संलग्नता भए पनि जिल्ला वन कार्यालयले अनुसन्धान अगाडि बढाउने जानकारी दिएको थियो । सैनिक निकायबाट घटनालाई दबाउन गरिएका प्रयासबारे फलोअप समाचारहरू पनि आएका थिए । आरोपित सैनिक अधिकृतलाई सैनिक ऐनअन्तर्गत कार्वाही गर्ने जनाउ दिइए पनि समातिएका गैरसैनिक अभियुक्त र प्रयोग गरिएको वाहनसमेत सेनाले फिर्ता लगेको थियो । तर पछि सैनिक निकायले गैरसैनिक अभियुक्त र गाडीबारे अनभिज्ञता जनाएको थियो भने केन्द्रीय सैनिक निकाय तथा वन विभागबाट छुट्टाछुट्टै स्थलगत जाँच भएको र रक्षा मन्त्रालयबाट दोषीलाई कार्वाही गर्ने जानकारी समाचारमा उल्लेख छ (कृष्ण भण्डारी २०५७ख) । सो घटना कसरी टुङ्गियो भन्नेबारे अरू फलोअप सामग्री आएन । यसबाट सैनिक निकायको संरक्षण-प्रतिको गैरजिम्मेवार चरित्र त देखाउँछ नै, छापाले महत्व दिएको र बहुचर्चित समाचार पनि विनाकुनै जानकारी कसरी दबाइन्छ भन्ने प्रष्ट हुन्छ ।

## *पर्यावरणीय पर्यटन*

पर्यटनले पनि स्थानीय वातावरण, जीवनशैली तथा प्राकृतिक स्रोतमा नकारात्मक असरहरू पुऱ्याउँछ । एकातिर संरक्षण क्षेत्रबाट स्थानीय आदिवासीहरू प्रत्यक्ष रूपमा परम्परागत संस्कृति, जीवनशैली, पेशालगायत स्रोतको उपयोगबाटसमेत विमुख हुनुपरेर पनि प्राप्त लाभहरूको भागीदार बन्न सक्दैनन् भने अर्कोतिर बढ्दो पर्यटकीय चाप तथा त्यससम्बन्धी क्रियाकलापले जैविक विविधतामा सङ्कट ल्याउनुका साथै पर्यटकीय फोहर जम्मा हुनगई वातावरणीय स्वच्छता कायम हुन सक्दैन । पूर्वाधारको यथेष्ट विकास भइनसकेको हाम्रोजस्तो देशका ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा पर्यटनबाट पर्ने पर्यावरणीय नकारात्मक असरहरू अझ गम्भीर हुन्छन् (पौडेल २०५८) । पर्यटक-पथमा प्लास्टिक र काँचको फोहरहरू बढ्दैजानु, दुर्गम स्थानका बासिन्दाहरूमा विदेशबाट आयात गरिएका पेय र खानेकुराको प्रचलन बढ्दैजानु, दुर्गम पहाड र पर्वतीय क्षेत्रका होटेल, रेस्टुरेन्ट, अतिथिघरको निर्माणमा विदेशी निर्माण सामग्री खर्च गरिनु,

दाउरा तथा इन्धनको अधिकतम खर्च गरिनु, पर्यटकको भेषभुषा र चाल-चलनबाट प्रभावित भई परम्परागत संस्कृतिमा विचलन आउनु आदि सामान्य रूपमा देखिने नकारात्मक असरहरू हुन् ।

पर्यावरणीय पर्यटनसम्बन्धी आएका समाचारका उदाहरणका रूपमा सगरमाथा क्षेत्रमा बढ्दो फोहरको आर्थिक भार (सञ्जय घिमिरे २०५७), चितवनमा बढ्दो पर्यटकीय चापका कारण वन्यजन्तु जोखिममा (हिमालय टाइम्स २०५७च), सगरमाथाको फेदीमा होटल निर्माणको प्रतिक्रिया (कान्तिपुर २०५७श), पर्यावरण पर्यटनमा 'इकोलेबलिङ'को आवश्यकता (कान्तिपुर २०५७ढ), गोसाइकुण्डमा सरसफाइको स्थिति नाजुक (शेर्पा २०५७), आदि लिन सकिन्छ । वास्तवमा पर्यावरण पर्यटनमा स्थानीय वातावरणलाई पारिने प्रभाव न्यून गर्ने उद्देश्य राखिन्छ । पर्यटनबाट केही न केही मात्रामा प्रभाव पर्ने हुँदा कति-सम्मको प्रभाव सो स्थानका लागि ग्राह्य हुन्छ भन्ने निर्णय गर्ने अधिकार स्थानीय बासिन्दामै रहनुपर्ने तर्क वातावरणीय न्यायको दृष्टिकोणबाट उचित भए पनि शहरमा आधारित पर्यटन व्यवसायीकै पक्षमा नै छापाका रिपोर्टिङ, लेखहरू आएका पाइन्छन् ।

## *दुर्गम क्षेत्रको समस्या*

जीविकोपार्जनकै कुरा गर्दा छापामा मुख्य रूपमा उठाइएको र त्यसले सम्बन्धित निकाय तथा अन्यको पनि ध्यान केन्द्रित गर्न सफल भएको विषय दुर्गम क्षेत्र र विशेषगरी कर्णाली क्षेत्रको कष्टप्रद जीवन, खाद्य सङ्कट, विपन्नता, पूर्वाधार-हरूको अभाव हो । ती क्षेत्रमा भएका खाद्य सङ्कट तथा असुरक्षित र अस्वस्थकर जीवनबारे केही स्थलगत रिपोर्टिङ छापामा पाइन्छन् (रोकाया २०५७) । त्यहाँको जीवनस्तर तथा पूर्वाधारबारे विवेचनात्मक लेखले पनि स्थान पाएका छन् । यस्ता लेख सम्बन्धित क्षेत्र या अन्यत्रका जनप्रतिनिधिहरूले पनि लेखेका छन् (बानिया २०५७, बडाल २०५७) । छापाले पनि यी मुद्दाहरूमा समय-समयमा सम्पादकीय छापेर महत्वकासाथ नै ग्रहण गरेको छ (हिमालय टाइम्स २०५७ङ) । तर अझै यी क्षेत्रहरूबारे लेखिनु पर्छ, त्यहाँ भैरहेको भेदभावविरुद्ध आवाज उराल्नुपर्छ र दबाब दिनुपर्छ सरकारलाई ।

## *कृषि र वातावरण*

नेपालका बहुसङ्ख्यक मानिसको जीविकोपार्जनको मुख्य आधार कृषि नै हो । तर अधिकांश क्षेत्रमा निर्वाहमुखी कृषि प्रणाली अपनाइएको छ । यसले गर्दा उत्पादकत्व कम छ र सबैलाई वर्षभर पुग्ने खाद्य उत्पादन हुँदैन । सिँचाइ, बीउ, मल र प्रविधिबारे उचित जानकारी, बजार आदिको अभावका साथै मुख्य रूपले संरक्षित क्षेत्रका वन्यजन्तुको आतङ्क र पशुपालनमा आएको ह्रास आदिबाट कृषकहरूको पेशामा सङ्कट देखिएको उल्लेख पाइन्छ । बढ्दो जनसङ्ख्यालाई

पुऱ्याउन उत्पादकत्व बढाउनु जरुरी छ भन्ने सबैजसो नीतिगत कार्यक्रममा उल्लेख पाइन्छ । त्यसका लागि कृषिलाई व्यवसायीकरण गर्नुपर्छ भन्नेमा पनि मतैक्य छ । तर सँगै त्यो दिगो र वातावरणमैत्री पनि हुनु जरुरी छ । अन्यथा त्यसले केही समयपछि झन धेरै समस्या ल्याउँछ ।

कृषि उत्पादन बढाउन उन्नत बीउ, रासायनिक मल, विषादी, प्रविधि तथा सिँचाइको आवश्यकता औंल्याइएको छ । तर ती उन्नत भनिएका बीउ, मल, विषादी या प्रविधि कति दिगो छन् र कति वातावरणमैत्री छन् भन्नेबारे पछिल्ला दिनमा प्रश्नहरू उठिरहेका छन् । उत्पादन बढाउनका लागि उपयोग गरिएका सीमित उन्नत जातहरूले स्थानीय जातहरूलाई विस्थापन गर्न थालेका छन् । यसबारे छापामा आएका केही लेखमा चिन्ता व्यक्त गरिएको छ ।

'स्वास्थ्यवर्धक स्थानीय धान लोप हुने क्रममा' शीर्षकको सामग्रीमा दाङमा परम्परागत रूपमा खेती हुँदै आएका १२ स्थानीय जातका धानको ठाउँ नयाँ ४ वटा जातले लिएकाले धानका पुराना जातहरू सङ्कटमा पुगिसकेको उल्लेख छ । तथ्याङ्कसहित २०४९ सालदेखि धानको पुराना जातहरूको उत्पादन र खेती हुने क्षेत्रफलमा कमी आएको र अब पनि संरक्षण नभएमा धेरै जातहरू लोप हुने बताइएको छ (केपी घिमिरे २०५७) । तर बढी उत्पादन दिने २-४ जातमै कृषकहरू आकृष्ट भएर 'बाबुबाजेको पालाका' जातहरू देख्न नपाइने परिस्थितिबारे स्थानीय कृषकहरूलाई 'चिन्ता' किन छ वा हुनुपर्छ भनेर समाचार प्रष्ट छैन ।

उत्पादन बढाउने निहुँमा उन्नत भनिएका बीज उपयोग गर्दा त्यसले परम्परागत स्थानीय जातका बीउ-बिजन नासिन्छन् । तर उन्नत बीउ प्रयोग गर्दा दुइटा समस्याहरू आउनसक्ने देखिएको छ । एक त ती बीउहरूको रोग प्रतिरोध क्षमताका कारण (कतिपय रोगसँग लड्नसक्ने क्षमता भए पनि नयाँ-नयाँ समस्या धेरै देखिन्छन्) सबै बाली-नाली एकै पटक नासिने सम्भावना छ जसले अनिकाल ल्याउन सक्छ । अर्कोतर्फ यी बीउहरूको पुनर्उत्पादन क्षमता कम हुने अथवा नहुने हुँदा बीउको एकाधिकार सँधै ठूला, बहुराष्ट्रिय कम्पनी-हरूकै हातमा रहन्छ र झन विकराल समस्या ल्याउन सक्छ ।

त्यसबाहेक, रासायनिक मल र कीट तथा रोगनाशक विषादीहरूको प्रयोगबारे उचित जानकारीको अभावमा जथाभावी प्रयोग भैरहेको छ । जसले गर्दा एक त माटोको उर्वराशक्ति नासिंदै गैरहेको छ भने अर्को, विषादीहरूको प्रयोगबाट आवश्यक कीटहरू मासिनुका अतिरिक्त खाद्य पदार्थहरूमा त्यस्ता विषादीको तत्व (रेजिड्यु) रहिरहँदा मानव स्वास्थ्यमा विभिन्न समस्याहरू उत्पन्न भएको पाइन्छ । छापामा किसान-अधिकार, तथा उल्लिखित समस्या-हरूबारे केही सामग्रीहरू आएका भए पनि उन्नत भनिने ती प्रविधिहरूबाट उत्पादनमा, जीविकोपार्जनमा, सामाजिक जीवनमा परेका प्रभावहरूसम्बन्धी गहिरिएर विश्लेषण गरिएका सामग्री कमै पाइन्छन् ।

## *वातावरण र सामाजिक भेदभाव*

समाजमा हुँदै आएका विभिन्नखाले भेदभाव तथा अत्याचारका घटनाहरू मुख्यतः हाम्रो सामाजिक संरचनाको उपज हुन् । यस्ता विभेदहरू वर्ग, वर्ण, जात/जाति, पेशा या लिङ्गका आधारमा भएको पाइन्छ । यस्तो भेदभावले गर्दा सार्वजनिक स्रोतको उपयोग, लाभको भागबण्डा, स्रोत परिचालनमा सहभागिता अथवा विभिन्न कार्यक्रम तथा नीतिहरूको बारेमा सूचित हुनबाट दलित तथा पिछडिएका वर्गहरूलाई वञ्चित गरिने भएकाले यो वातावरणीय अन्याय हो । सार्वजनिक धाराको उपयोगमा दलितलाई प्रतिबन्ध लगाइएको (कान्तिपुर २०५७ग) वा 'चमारहरूको खानेपानी स्रोतमा सिनु' (कान्तिपुर २०५७त) जस्ता समाचारहरू यदाकदा आए पनि दलित तथा पिछडिएका वर्गहरू वनको उपभोगबाट वञ्चित हुन पुगेको कुराहरू मिडियामा चर्चा गरिएको पाइँदैन । 'सडक विस्तारबाट घर उजाडिएका वृद्ध दलित घरबारविहीन हुँदा खुला चौरमा बस्नुपरेको' स्थिति सामाजिक अन्याय हो (कान्तिपुर २०५७ङ) । त्यस्तै, मुक्त भएपछि कमैयाबाट तथा सुकुमबासीबाट वन क्षेत्र अतिक्रमण भएका समाचारले छापामा ठाउँ पाएका छन् । उनीहरूको असुरक्षित जीविकोपार्जन वा स्थायी वासस्थानको अभावमा नै अतिक्रमण भएका हुन् । वातावरणको दिगो संरक्षणको यस्ता सामाजिक विभेदलाई कम गर्नु आवश्यक छ ।

वयस्कभन्दा बालबालिकाहरू वातावरणप्रति बढी संवेदनशील हुन्छन् । वातावरणीय प्रदूषण वा सरसफाइको अभावका कारण उब्जने समस्या या रोग-व्याधीबाट उनीहरू नै बढी आक्रान्त हुन्छन् । त्यसबाहेक, प्राकृतिक स्रोतहरूको अभाव या बाबुआमाको असुरक्षित जीविकोपार्जनसँग पनि बाल-अधिकार जोडिएर आउँछ । 'सरसफाइको अभावमा बालबालिका रोगग्रस्त' (गोरखापत्र २०५७ढ), 'बालबालिकामाथि वातावरणीय प्रभाव' (माथेमा २०५७क), 'वातावरणीय बालअधिकार' (माथेमा २०५६), आदि लेखहरूले बालअधिकार र वातावरणलाई समटेका छन् । वन पैदावार सङ्कलन गर्न, पानी ओसार्न तथा गाई-वस्तु चराउनका लागि बालबालिकालाई शिक्षाबाट वञ्चित गराइएका यथेष्ट उदाहरण छन् जसले प्राकृतिक स्रोतको अभावमा बालअधिकार कसरी मिचिन्छ भन्ने प्रष्टचाउँछ (गोरखापत्र २०५७घ) ।

सामाजिक भेदभावकै कारण वातावरणीय अन्याय भैरहेको अरू थुप्रै उदाहरण पाउन सकिन्छ । सामुदायिक वन उपभोक्ता समूहमा महिलाहरूको सहभागिता तथा नेतृत्व विकाससम्बन्धी तालिम गोष्ठीबारे समाचार (गोरखापत्र २०५७झ) आए पनि स्थिति किन अझै समस्याग्रस्त छ भनेर विश्लेषण गरेका लेख समाचारहरू खासै पाइँदैनन् । प्राकृतिक स्रोतको विनाशबाट महिला नै बढी पीडित हुन्छन् भन्ने तथ्यलाई खानेपानीको स्रोत टाढा हुँदा महिलालाई बढ्ने कार्यभार (टिका शर्मा २०५७) तथा 'महिला र वातावरणीय समस्या' (माथेमा २०५७ग) जस्ता लेखहरूले समेटेका छन् । तर बालबालिका तथा

महिलासँग जोडिएका समाचारहरू उत्सवविशेष–बाल दिवस वा महिला दिवस–मा प्रायः आउने गरेको पाइन्छ ।

### *पेशागत समस्या*

रिक्सा चालक, मजदुरदेखि ट्राफिक प्रहरीसम्मका व्यवसायीहरूको पेशामा आएका समस्याहरू केही हदसम्म वातावरणसँगै सम्बन्धित छन् । उदाहरणको लागि राजधानीबाट विस्थापित टेम्पोका कारण तराईका रिक्साचालक (हिमालय टाइम्स २०५७घ), नदीको बालुवा झिक्ने मजदुर वर्ग (सिम्खडा २०५८), बढ्दो सवारी चाप र धूलो-धूवाँको समस्याबाट ग्रस्त ट्राफिक प्रहरी (कान्तिपुर २०५५) अथवा बाटोका नाङ्ले-पसले पीडित भएका समाचारहरूलाई लिन सकिन्छ । त्यसैगरी विभिन्न किसिमका परम्परागत व्यवसाय, सीप तथा संस्कृतिमा आएको ह्रास पनि वातावरणसँग सम्बन्धित देखिन्छ । परम्परागत रूपमा चलेका पानी घट्टलाई विस्थापित गरेर डिजेलबाट चल्ने मेसिन आउनुलाई त्यसको एउटा उदाहरण हो । तर पछिल्ला दिनमा पानी घट्टको प्रविधिलाई नै विकसित गरिएको तथा लघु-जलविद्युत आयोजना सञ्चालन गरिनुलाई सकारात्मक परिवर्तन र वातावरणीय न्यायतर्फको कदमका रूपमा लिन सकिन्छ (मिश्र २०५७) । विभिन्न उद्योगको वातावरणीय स्थितिका कारण त्यहाँ काम गर्ने मजदूरहरूको पेशागत सुरक्षा तथा स्वास्थ्य जोखिमहरूले छापामा उस्तो स्थान पाएका छैनन् ।

### **संस्थागत, नीतिगत तथा कानूनी पक्षहरू**

वातावरणीय महत्वका विभिन्न मुद्दामा सम्बन्धित सरकारी वा अन्य आयोजना/परियोजनाका निकायको दृष्टिकोण, सरोकार र उत्तरदायित्व साथै कार्यक्रम तथा सफलताको स्तर पनि वातावरणीय न्यायको लागि महत्वपूर्ण हुन्छ । सम्भावित वा भइरहेका विभिन्न अन्यायको सरकारी नीति र कानूनी व्यवस्थाले निकास दिनुपर्छ । विभिन्न क्षेत्रका वातावरणीय समस्यामा नगर-पालिका, वन, खानेपानी, सिँचाइ, विद्युत, यातायातलगायत अन्य सम्बन्धित निकायहरूको ध्यान नपुगेको भन्ने आवाज छापामा आउने गरेका छन् । ग्रामीण जनताको प्रत्यक्ष सरोकार हुने वनसँग सम्बन्धित निकायका समस्यामा कर्मचारीको अनुपस्थिति, अनियमितता र अवैध शिकारमा संलग्नता, आदि समाचारहरू छन् ।

त्यस्तै, सार्वजनिक जग्गाको सन्दर्भमा अनियमित बिक्री-वितरण, सुकुम-बासी, पुनर्वास वा अन्य अतिक्रमणबारे समाचार पाइन्छन् भने अन्य सार्वजनिक सम्पत्ति जस्तैः ढुङ्गेधारा, उद्यान तथा भवन निर्माणसँग सम्बन्धित समाचारमा जिम्मेवार निकाय जस्तै स्कूल, नगरपालिका, आवास कम्पनी, आदि मुछिएका छन् । सार्वजनिक महत्वका जग्गाहरू मिचिँदा त्यो विवादको समाधानको

लागि व्यक्तिगत दर्ता सीधै बदर नगरी आयोगहरू गठन गरिने र त्यसपछि गलत भएको भनी त्यसलाई राजनीतिक वा अन्य व्यक्तिगत स्वार्थबाट निष्क्रिय पार्ने प्रकृयामा जिम्मेवार निकाय तथा नेतृत्व तहको गलत आचरण देखिन्छ (कृष्णमुरारी शर्मा २०५७क) । सिँचाइ तथा जलविद्युत आयोजनाका सन्दर्भमा विस्थापन र क्षतिपूर्तिका कुराहरू, आयोजनामा भएको ढिलाइमा जनप्रतिनिधिहरूको उदासीनता, कामदारसँगको विवाद, सिँचाइको लागि पानी नछोडिएका, आदि खबरहरू आएका छन् ।

शहरी क्षेत्रमा फोहरमैला व्यवस्थापनलगायत पुल, सडक, ढल, जस्ता पूर्वाधारको सम्भार तथा विस्तारको सम्बन्धमा समाचारको घेरामा नगरपालिका लगायत अन्य निकायहरू परेका छन् (लामा २०५७) । काठमाडौंको फोहर फ्याँक्ने गरिएको गोकर्णमा फोहर थुपार्न नदिएपछि सरकारले फोहरलाई वाग्मती नदी-किनारमा थुपार्न थालेको थियो । सरकारको उक्त निर्णयको स्थानीय बासिन्दाहरूले तीव्र विरोध गरेकाले सुरक्षा घेरामा रातको समयमा फोहर फ्याँक्ने गरिएको थियो (कान्तिपुर २०५७थ) । विमानस्थलदेखि दुई सय मिटरको दूरीमा, स्थानीय जनताको सहमतिबेगर फोहरमैला असुरक्षित तवरले थुप्र्याउनु वातावरणविरोधी काम हो ।

'फोहरमैला व्यवस्थापनको निहुँमा विदेश घुम्ने तयारी' शीर्षकको समाचारले वातावरणीय समस्यामा सम्बन्धित सरकारी निकायको अनुत्तरदायी आचरणलाई राम्ररी प्रस्तुत गरेको छ (किरण भण्डारी २०५७) । गोकर्णको डम्पिङ साइटमा फोहर फाल्न बन्द गरेपश्चात् त्यहाँको वातावरणीय परीक्षण, जोखिम मूल्याङ्कन तथा न्यूनीकरणको कामहरू नगरिएकाले त्यसले ठूलै सङ्कट ल्याउन सक्ने चेतावनी विज्ञहरूले दिएका थिए । तर सम्बन्धित निकाय महानगरपालिका र स्थानीय विकास मन्त्रालय एक-अर्कालाई दोष देखाएर उम्कने गरेको पाइन्छ (पाण्डे सन् २००१) । शहरी क्षेत्रमा नगरपालिकादेखि लिएर फोहरमैला, ढल, खानेपानी, दूरसञ्चारलगायत अन्य निर्माण तथा सेवा प्रदायक निकायहरूमा आवश्यक समन्वयको अभावले विभिन्न समस्या उत्पन्न हुने गरेको छ । यी समस्यासम्बन्धी जनगुनासाहरूलाई छापाले महत्व दिएको छ ।

त्यसबाहेक, सरकारी नीतिमा नै विरोधाभास भएको, नीति एकातर्फ र कार्यान्वयन प्रक्रिया अर्कोतर्फ गएको, कार्यान्वयन प्रक्रियामा ढिलाई गरिएका थुप्रै उदाहरण छापामा पढ्न पाइन्छ । अपर्याप्त वा अस्पष्ट भएका तथा कार्यान्वयनमा ढिलाइ भएका भनिएका सरकारी नीतिहरूमा जैविक विविधता कार्ययोजना, प्लास्टिक झोलासम्बन्धी, बाँध र विकाससम्बन्धी, नदीमा फोहर फाल्नेसम्बन्धी, 'ट्रिप्स' सम्झौताबारे, प्रदूषित सवारी साधन विस्थापनसम्बन्धी, प्रदूषण करसम्बन्धी, कृषि मजदूरसम्बन्धी, वातावरणीय अधिकारसम्बन्धी, विभिन्न प्रदूषण मापदण्ड निर्माण तथा कार्यान्वयनसम्बन्धी, ओजोन तह संरक्षणसम्बन्धी समाचारहरू प्रमुख रूपले छापामा आएका छन् । राजधानीमा जनसङ्ख्या चाप

तथा वातावरणीय समस्याहरू देखा पर्नुमा बढ्दो केन्द्रीकरण र सरकारी नीति नै जिम्मेवार रहेको उल्लेख पाइन्छ (कान्तिपुर २०५७द) ।

वातावरणीय न्यायले कुनै पनि वातावरणीय महत्वको ऐन, कानून, नीति तथा कार्यक्रमहरूको विकास, लागू तथा कार्यान्वयन प्रकृयामा प्रत्यक्ष सरोकार रहने र प्रभावित हुनसक्ने समुदायहरूको सुदृढ सहभागितामा जोड दिन्छ । तर यस तथ्यलाई सम्बन्धित निकायले आँखा चिम्लिएको कुरा छापाका केही समाचारबाट प्रष्ट हुन्छ । जस्तैः 'सरोकारवालालाई समावेश नगरी जैविक विविधता कार्ययोजना ल्याउने तयारी' (सुबोध गौतम २०५७क) समाचार यस सन्दर्भमा महत्वपूर्ण छ । विषादीसम्बन्धी ऐन २०४८ तथा नियमावली २०५० लागू भए तापनि त्यसको कार्यान्वयन पक्ष कमजोर भएको तथा त्यसबारेमा विषादीको विक्रेता एवं उपभोक्ता अनभिज्ञ रहनुलाई पनि उचित मान्न सकिँदैन (थापा सन् १९९८) ।

स्थानीय जनजीवन र स्वस्थ वातावरणलाई प्रत्यक्ष प्रभाव पार्ने नीतिगत विकास, संशोधन तथा लागू गर्ने काम–जस्तैः सामुदायिक वनको सन्दर्भमा वन ऐनमा ल्याउन खोजिएको संशोधन, वातावरणीय ऐन अथवा वातावरणीय प्रभाव परीक्षणसम्बन्धी नियमावली–मा स्थानीय जनता सुसूचित हुन नपाउने अन्यायपूर्ण स्थितिहरूमा छापाजगतको ध्यान पुग्नु पर्दछ । एकातिर सरकार उद्योगहरूमा वातावणीय स्तर कायम गराउन तथा उत्सर्जित पदार्थको उपचार संयन्त्र जोड्न अनिवार्य गराउन लागेको भन्छ भने अर्कोतिर दातृ संस्थाको सहयोगमा जडित संयन्त्रहरू उद्योगको अनुत्तरदायी प्रवृत्तिले गर्दा सञ्चालन नगरिँदा पनि सरकारी निकायहरूले कुनै ध्यान नदिएको समाचार आएको छ (देवकोटा २०५७) ।

उपभोक्ताको स्वच्छ खानाको अधिकारसम्बन्धी नीति निर्माण भइसकेको अवस्थामा त्यसको प्रभावकारिता तथा कार्यान्वयन पक्षमा छापाले प्रश्न उठाउँदै कानूनी उपचार असजिलो र ढिलो भएको, कार्वाही भए-नभएको पनि जानकारी नभएको, गुणस्तर जाँच्ने र दोषीलाई हुने कार्वाहीका प्रकृयाहरू पनि राम्रोसँग नभएको, आदि जनाएको छ (राममणि दहाल २०५५) । खाद्य-पदार्थमा अखाद्य रङ्ग वा रसायनको समस्या समाधान हुन नसक्नुमा खाद्य अनुसन्धानशालाको सीमित कार्यक्षेत्र, जनशक्तिको अभाव, ऐनको अपूर्णता, कार्वाहीका लागि मुद्दा चलाउन लामो र झन्झटिलो प्रकृया, मुद्दाहरूसमेत अनिर्णित भैरहनुलाई जिम्मेवार देखाइएको छ (पराजुली २०५५) । बजारमा वस्तुको बारेमा टीका-टिप्पणी भएपछि मात्र अनुसन्धान-परीक्षण थालिनु, हल्ला सेलाएपछि अनुसन्धान प्रकृयासमेत सेलाउनु, मिसावट भएको पाएको अवस्थामा पनि मुद्दा दायर गरेर कार्वाही अगाडि चलाउने कामसमेत 'झन्झटिलो' भनेर पन्छन खोज्ने नराम्रो प्रवृत्ति देखिन्छ । यसले अन्यायलाई बढावा दिन्छ (अर्याल २०५५) ।

नेपालमा खाद्यपदार्थमा मिसावट गर्नेहरूलाई कार्वाही गर्ने सम्बन्धमा खाद्य ऐन २०२३ को व्यवस्था १२ अञ्चल तथा ३६ जिल्लामा मात्र लागू गरिएकाले बाँकी क्षेत्रका जनताको स्वच्छ खाद्य-अधिकारको सुनिश्चितता कसरी हुन्छ भन्ने प्रश्न महत्वपूर्ण छ । सो खाद्य ऐन शहरी क्षेत्र भएका जिल्लामा मात्र लागू हुनुले बाँकी ३९ जिल्लामा भोकको मात्र समस्या भएकोले ती क्षेत्रका जनताहरूको लागि गुणस्तरीय खाद्यपदार्थ आवश्यक छैन भन्ने निष्कर्ष यसबाट निकाल्न सकिन्छ । यस्तो द्वैध कानूनी नीतिले पोषण र स्वास्थ्य सरसफाइको राम्रो अवस्था नभएका तथा अझ बढी ध्यान दिनुपर्ने आवश्यकता रहेका दुर्गम तथा ग्रामीण क्षेत्रमा सङ्क्रामक तथा दीर्घ-प्रकोपी रोगहरूको सम्भावनालाई बढाएको छ ।

उपभोक्ता हकहित संरक्षण सन्दर्भमा चर्चा परिचर्चाहरू भएका छन् । सभा, गोष्ठी, अभियानहरूको आयोजन गरिएका छन् । उपभोक्ता हकहित-सम्बन्धी संस्था वा मञ्चहरू पनि गठन भएका छन् । ऐन, नीति, नियम बनेका छन् । तर अझै पनि स्थिति सन्तोषजनक छैन । कार्यान्वयन पक्ष कमजोर हुनु, कार्वाही प्रकृया कम हुनु, बजार अनुगमन निरन्तर नहुनु, भारतीय उत्पादन भित्रचाउने नीति तथा प्रकृयामा विरोधाभास हुनु, यसका लागि जिम्मेवार भएको छापाले औंल्याएका छन् (आचार्य २०५५) । उपभोक्ताको हक संरक्षण गर्न बनेको ऐन २०५४ को कार्यान्वयनको लागि समेत कुनै सरकारी वा प्रशासनिक इकाइ वा संयन्त्रको विकास गरेको पाइँदैन । उपभोक्ताहरू पीडित भएको र आफ्नो अधिकारप्रति सचेत र जागरुक नभएको अहिलेको स्थितिमा उपभोक्ता हकहित संरक्षणको नाममा बनेका सङ्घ-सङ्गठनहरू पनि दलीय राजनीतिमा जुटेका पाइन्छन् । यस स्थितिमा छापाको भूमिका झनै महत्वपूर्ण हुन जान्छ ।

वातावरणीय संरक्षणमा समस्याका रूपमा आएका कानूनी प्रश्नहरूलाई न्यायिक निकास दिन न्यायपालिकाको भूमिकालाई छापाले महत्वका साथ हेरेको छ । 'न्याय सम्पादन प्रकृया र महिला' (कान्तिपुर २०५७ख), 'ऐन-कानूनहरूको अपर्याप्तता' (कान्तिपुर २०५७छ), 'न्यायपालिकाबारे समाचारको अभाव' (कान्तिपुर २०५७ध), 'उपभोक्ता शोषणसम्बन्धी ऐनप्रति सचेतताको अभाव' (कान्तिपुर २०५७ञ), 'उपभोक्ता हित संरक्षण' (भट्टराई २०५७), आदि न्यायपालिकालाई वातारणसँग जोडिएका छापा सामग्री हुन् । अदालतबाट वातावरण तथा प्रकृति संरक्षणका लागि भएका आदेशहरू वातावरणीय न्याय सम्पादन प्रकृयाका लागि महत्वपूर्ण छन् । त्यस्ता आदेशमध्ये 'नदीको बालुवा नझिक्ने', 'प्रदूषित सवारी साधनको आयात रोक्ने', 'नदी किनारमा फोहर नथुपार्ने' महत्वपूर्ण छन् । यद्यपि, सम्बन्धित निकायले अदालतका आदेशहरू पूर्ण रूपमा तामेली गरेको पाइँदैन । काठमाडौं तथा पोखरामा नदी-किनारमा फोहर फाल्न नपाइने आदेश अथवा उपत्यकाभित्र वायु प्रदूषण बढाउने सवारी

साधनबारेका कतिपय आदेश पालना नहुँदा पनि अदालतले खासै चासो नदेखाएकाले ती निर्णयहरू पूर्ण-प्रभावी भएका छैनन् ।

वातावरण तथा प्रकृतिसम्बन्धित विभिन्न अनुसन्धान केन्द्र, विश्वविद्यालय आदिको आफ्नै नाजुक स्थिति हुँदा उनीहरूबाट कति आस गर्न सकिन्छ भन्ने तथ्य महत्वपूर्ण छ (जितेन्द्र शाह २०५७) । 'वन अनुसन्धान केन्द्र' जस्तो महत्वपूर्ण सरकारी निकायका कर्मचारी (अनुसन्धाता ?)समेत 'काम नपाएकोले राजाको काम कहिले जाला घाम' भन्दै बसेको अवस्थासमेत अगाडि आएका छन् (लुइँटेल २०५५) । यी र यस्ता रिपोर्टिङहरू सार्वजनिक हुनु जरुरी छ किनकि आवश्यक अध्ययन, अनुसन्धानको कमीले जैविक विविधता सङ्कटमा पर्दछ (कामत २०५३) ।

समस्या सरकारी निकायहरूको मात्र नभएर सरकारी तथा गैरसरकारी क्षेत्रबीचको सम्बन्धमा पनि छ । सरकारी निकायले गैरसरकारी संस्थाहरूलाई समस्यालाई अतिरञ्जित गर्ने तथा तथ्याङ्कहरू बढाइ-चढाइ गरेको आरोप लगाएको पाइन्छ भने त्यस्तै आरोप पछिल्लाले पनि अघिल्लोलाई लगाएका छन् । उनीहरूको आरोप हुन्छ सरकारी निकाय समस्या नदेखाएर लुकाउँछ; बाहिर आएमा जवाफ दिनुपर्छ भनेर । तर समस्या सानै हुँदा समाधान नगर्दा त्यसले विकराल रूप लिन्छ । सरकारी र गैरसरकारी निकायबीच विपरीत बोली भएका सामग्रीको एउटा उदाहरण पानीमा आर्सेनिकको मात्रासम्बन्धी हो । तराईका २० जिल्लाको भूमिगत पानीको २० प्रतिशत नमूना परीक्षणमा हानिकारक भारी धातु तत्व आर्सेनिक पाइएको र यसबाट रौतहटमा मात्रै करिब १५,००० प्रभावित भएको छापामा आएको थियो (श्रेष्ठ सन् २००२) । अर्कोतिर सिँचाई विभागसँग सम्बन्धित व्यक्तिले विभिन्न गैरसरकारी संस्थाका ल्याबहरूको तराईका विभिन्न भागको भूमिगत जलमा आर्सेनिकको समस्या रहेको भनेको तथ्यलाई अनाधिकारिक, अविश्वसनीय तथा सनसनीपूर्ण मात्र भएको र त्यसले अनावश्यक त्रासमात्र जगाएका उल्लेख गरेका छन् (खड्का २०५८) ।

वातावरण या प्रकृति संरक्षणको क्षेत्रमा राजनीतिक दलहरूको सरोकार न्यून रहेको पाइएको छ । तिनले वातावरण सुधार या प्राकृतिक स्रोतको विकास आदिलाई मुद्दा बनाएर आन्दोलन गरेका अथवा विभिन्न समूहहरूले शुरु गरेका त्यस्ता कार्यमा सक्रिय सहभागी बनेका उदाहरण निकै कम छन् । यद्यपि, 'वन विनाश रोक्न संयुक्त जनमोर्चाले सङ्घर्ष गर्ने' (कान्तिपुर २०५७ब), 'विग्ही नदी प्रदूषण नियन्त्रण नगरेमा तरुण दलले सङ्घर्ष गर्ने' (हिमालय टाइम्स २०५७ग) जस्ता समाचार यदाकदा नआएका होइनन् । तर दलहरूले साँच्चिकै यस्ता वातावरणीय सरोकार या न्यायका विषयमा आवाज उठाएर कार्यक्रम सफल तुल्याएको उदाहरण कमसेकम छापामा पढ्न पाइएको छैन ।

## निष्कर्ष तथा सुझाव

नेपालको सन्दर्भमा वातावरणीय न्यायले वातावरणीय ह्रासबाट पर्ने असरहरू, स्रोतको उपयोग र स्वस्थ एवं दिगो जीविकोपार्जनका अवसरहरू भन्ने बुझाउँछ । सामाजिक अन्यायबाट पीडित समाज वा समुदाय एकातिर छ भने प्रदूषण, फोहरमैला, प्रकृति विनाश, असुरक्षित जीविकोपार्जन अर्कोतिर छ । तसर्थ वातावरणीय अन्यायको लागि सामाजिक संरचना, सम्बन्धित निकायको क्रियाकलाप तथा सक्षमताको साथसाथै नीतिगत व्यवस्था र सूचना वा जानकारी दिने व्यवस्था जिम्मेवार छ । अन्यायको विरोधमा उठ्ने आवाज, विवाद, अभियानका प्रकृयाहरूले सुधार कार्यक्रम र दिगोपनको माग र आवश्यकतालाई प्रष्ट पार्दछन् ।

ग्रामीण क्षेत्रमा प्राकृतिक स्रोतको व्यवस्थापनमा लाभहरूको बाँडफाँड, सहभागिता, निर्णय प्रकृया र सूचनाप्राप्तीमा भेदभाव भएको छ । सम्पदा-हरूको उपभोगमा भेदभाव, पेशागत भेदभाव, नकारात्मक असरहरूको अनावश्यक बोझ, जस्ता अन्यायपूर्ण कार्यहरू समाजमा भैरहेका छन् र केही निश्चित समूहहरू नै त्यसबाट मारमा परेका छन् । नीतिगत अपूर्णता र परिवर्तनबाट सिर्जित समस्याहरू पनि वातावरणीय अन्याय हो । समुदायको परम्परागत जीविकोपार्जनमा ल्याइएका सङ्कटहरू, जस्तै संरक्षित क्षेत्रबाट स्थानीय आदिवासी जनतामा परेको असर, दुर्गम क्षेत्रको जीवनशैली, आय-आर्जन गर्ने स्रोतमाथिको सङ्कट, बढ्दो फोहरको थुप्रो, वन्यस्रोतको विनाशको खतरा, परम्परागत पेशा, सुविधा तथा जीवनशैलीमा ह्रासलगायत पर्यावरण पर्यटनका केही नकारात्मक असरहरू वातावरणीय अन्यायअन्तर्गत राख्न सकिन्छ ।

सानो अवधिका केही सीमित छापाहरू अध्ययन गर्दा पनि नेपालको सन्दर्भमा वातावरणीय न्यायका प्रमुख मुद्दाहरूलाई सूचीकृत गर्न सकिएको छ । यस विषयले छापामा पाएको व्यापकतालाई यसले झल्काउँछ । तर पनि स्वस्थ वातावरण तथा सुरक्षित र दिगो जीविकोपार्जनका लागि स्थानीय तहका पिछडिएका वर्गहरूमा अभियान तथा आन्दोलनहरूको विकास नभएको स्थितिमा पीडक तथा पीडित समुदायलाई त्यसबारे सूचित, सचेत र शीक्षित गराउने दायित्व मिडियाको रहन्छ । ती कार्य कति भए त्यसले नै मिडियासामग्रीहरूको प्रभावकारिताको मापन गर्छ ।

छापामा उठाइएका विषयहरूले स्वस्थ एवं सुरक्षित वातावरणमा बाधक देखिएका धेरै क्षेत्रलाई समेटेको पाइयो । शहरी क्षेत्रका ढल, सडक, सार्वजनिक जग्गा तथा स्थलहरूको उचित उपभोगकासाथै सुधारको अभावबाट सिर्जित समस्या लगायत सवारी साधनबाट हुने प्रदूषण, असुरक्षित तथा अपर्याप्त खानेपानी, असुरक्षित खाद्यपदार्थ तथा प्लास्टिकजन्य र घरेलु तथा औद्योगिक फोहरमैलाको व्यवस्थापनमा देखिएका समस्याहरूले छापामा स्थान पाएका

छन् । ग्रामीण-स्वास्थ्यसँग सरोकार राख्ने खानेपानी, सरसफाइ तथा स्वास्थ्य सेवाको अभाव, विषादीको समस्यालगायत वन, सार्वजनिक जग्गामाथिको अतिक्रमण, स्रोत उपयोगमा अनियमितता, भेदभाव, दिगोपनको अभाव, बीउ-बिजन, वन्यजन्तु, जलाधार संरक्षण जैविक, कृषि र भू-वातावरणीय विविधतामा आएको सङ्कट तथा पर्यावरण पर्यटनसँग सम्बन्धित समस्याबारे पनि छापामा चर्चा गरिएको छ । संरक्षित क्षेत्र, सामुदायिक वन तथा अन्य सिँचाइ, विद्युत आदि आयोजना तथा कार्यक्रमहरूप्रति स्थानीय जनताको रोषका कुराहरू छन् । तर ग्रामीण तथा शहरी भेगका गरिब, आदिवासी, दलित, बालबालिका र महिलाप्रति भएका वातावरणीय अन्याय तथा उनीहरूका वातावरणीय अधिकार वकालत गर्ने समाचार, रिपोर्टिङ तथा लेखहरू न्यून मात्रामा मात्र आएका छन् । विभिन्न कानून, नीति नियमहरूको अभाव, अस्पष्टता, कार्यान्वयन ढिलाइ, प्रकृयागत त्रुटिहरूबाट भएका अन्याय तथा प्राकृतिक स्रोत, वातावरणीय प्रदूषणबारे अदालती आदेशहरूलाई छापाले ठाउँ दिएको पाइन्छ ।

वातावरणीय न्यायको प्रमुख लक्ष्य नै दिगो तथा सुरक्षित जीवनशैली हो जसबाट आउँदो पुस्ताले पनि त्यत्तिकै सुरक्षित वातावरणमा यही अवस्थाको स्रोतहरू उपयोग गर्न पाऊन् । यसको लागि वातावरणीय सुधार, जीवनशैली र नीतिहरूमा सुधार तथा पुनः मूल्याङ्कन आवश्यक छ । सुधार कार्यक्रमहरूमा सामुदायिक वनको सफलताका कथाहरूले छापामा प्रशस्त ठाउँ पाएका छन् । तर त्यही सामुदायिक वनमा समेत दलित तथा विपन्न वर्ग वा समुदायको पहुँच अझै पुग्न सकेको छैन, थुप्रै स्थानहरूमा । र उनीहरू कार्यक्रमबाट हुने फाइदाबाट वञ्चित छन् । उत्पीडित वर्गको जीविकोपार्जनको क्षेत्र पनि हो वन र अन्य प्राकृतिक स्रोतहरू । तर यस क्षेत्रमा भएका वातावरणीय अन्यायले उत्पीडित वर्गहरूको जीविकोपार्जनमा परेको दुष्प्रभावबारे मिडियामा सशक्त रूपमा चर्चा हुन सकेको छैन ।

वातावरणीय अन्याय कम गर्न वातावरणीय सुधार, संरक्षण हुनु जरुरी छ । र, जरुरी छ ती सुधार या संरक्षणका उपायहरूको दिगो हुनु । त्यसका लागि नवीकरणीय उर्जा स्रोतको उपयोग बढाउने र पुनर्प्रयोग गर्ने प्रकृयामा सुधार ल्याउनु पर्छ । स्रोतमाथि पिछडिएका वर्गहरूको पहुँच बढाउने, कार्यक्रम तथा परियोजनाबारे निर्णय प्रकृयादेखि कार्यान्वयनसम्म जनसंलग्नता बढाउने, वातावरणीय विनाश तथा संरक्षणबारे सचेतता बढाउने जस्ता कार्यले वातावरणमा सुधार ल्याउनुका अतिरिक्त सामाजिक विभेदहरू कम गर्छन् । वातावरणीय सुधार तथा दिगोपनबारेका छापा सामग्रीमा वैकल्पिक तथा सफा उर्जा र प्रविधि–जस्तैः पानीघट्ट, सफा टेम्पो, गोबर ग्याँस, सौर्य उर्जा, आदि–, वर्षातको पानी सङ्कलन, फोहरमैलाको उपयोग तथा दिगो व्यवस्थापन, फोहरमैलाबाट बिजुली निकाल्ने प्रकृया, वन उद्यम र आदिवासी महिला, कृषि अनुसन्धान तथा हरित क्रान्ति, वातावरणीय संरक्षणका लागि सार्वजनिक

आर्थिक स्रोत सङ्कलन कार्य, ग्रामीण पहाडी क्षेत्रमा सामुदायिक प्रसारण, आदि लाई विषयवस्तु बनाएका समाचार, लेख मुख्य छन् ।

वातावरणीय समस्याको तुलनामा सुधार, संरक्षण र दिगोपनका उपाय, प्रकृया तथा प्रयासका समाचार लेखहरूले छापामा कम महत्व पाएको देखिन्छ । पर्यावरणीय प्रकृयाका असरहरू लामो समयपछि देखिने र त्यसको ठूलो मूल्य चुकाउनुपर्ने हुँदा मिडियाले शुरूमै वातावरणका कार्यक्रम, नीति तथा प्रकृयाको बारेमा चनाखो भएर निरीक्षण तथा सूचित र सचेत पार्ने काम गर्नुपर्छ ।

हिजोआज वातावरण सुधार तथा संरक्षणका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । केन्द्रीयस्तरदेखि स्थानीय तहसम्मका सम्मेलन, अन्तर्क्रिया, कार्यशाला, गोष्ठी, आदि कार्यक्रमका रिपोर्टिङहरू पनि प्रशस्त पाइन्छन् । तर ती कार्यक्रममा सरोकारवाला समुदायहरूको प्रतिनिधित्व छ-छैन, अथवा कसरी रहेको छ वा त्यसले पक्षविशेषलाई मात्र प्रोत्साहित गरेको पो छ कि वा त्यस्ता कार्यक्रमप्रति सरोकारवाला भनिएकाहरूको धारणा बुझ्ने वा केलाउने प्रयास समाचार, लेखहरूमा नगण्य हुन्छ । उदाहरणका लागि सामुदायिक वनबारे धेरै नै रिपोर्टिङ आए पनि त्यसबाट पीडित पक्षहरूबारे कमै मात्र समाचार, विश्लेषण पढ्न पाइन्छन् ।

पिछडिएका वर्गहरूको जीविकोपार्जनको मुख्य आधार रहेको प्राकृतिक तथा वनसम्पदामा केही नियन्त्रण गर्दा उनीहरूको जीविकोपार्जन कसरी असुरक्षित भएको छ ? पर्यटकहरूबाट आउने सांस्कृतिक तथा अन्य किसिमका नकारात्मक असरहरूको बोझ के कस्तो छ र कस्ले बोक्नु परेको छ ? वातावरणीय प्रदूषणबाट प्रत्यक्ष रूपमा कसलाई असर पुगेको छ र त्यस्तो प्रदूषणमा उसको भूमिका कस्तो थियो ? बढ्दो विषादीको प्रयोगले जन-स्वास्थ्यमा कसरी हानि गरिरहेको छ ? संरक्षण क्षेत्रको स्थापनाबाट फाइदा र बोझहरूको वितरण न्यायपूर्ण छ-छैन ? जस्ता सवालहरू वातावरणीय न्यायको दृष्टिकोणबाट निकै महत्वपूर्ण मानिन्छन् । अध्ययनमा परेका सामग्रीहरूमा यस्ता सवालहरूबारे कमैमात्र चर्चा र विश्लेषण हुने गरेको छ । छापाले यो कमजोरी सुधार्नु जरुरी छ ।

वातावरणीय न्यायले वातावरणीय संरक्षण (प्राकृतिक वातावरण) तथा सामाजिक न्याय (सामाजिक वातावरण)लाई उत्तिकै महत्व दिन्छ । वातावरणीय संरक्षण गर्ने नाममा सामाजिक अन्याय हुनुहुँदैन र सामाजिक न्यायको नाममा वातावरणीय विनाश पनि हुनुहुँदैन भन्ने एक किसिमको सन्तुलित दृष्टिकोण हो वातावरणीय न्याय । तर छापामा आउने समाचार, लेखहरूले भने प्राकृतिक वातावरणलाई मात्र धेरै समेटेको पाइन्छ । वातावरणसँग सम्बन्धित समाचार वा लेखहरूमा वातावरणीय संरक्षणलाई सामाजिक न्यायसँग जोडेर ल्याउन जरुरी छ जसले ती क्षेत्रमा जनताको पहुँच, संलग्नता र अधिकारलाई सबैको चासोमा ल्याउन सकोस् ।

## धन्यवाद

यो लेख मार्टिन चौतारीको 'वातावरणीय न्याय कार्यक्रम' अनुसन्धानको क्रममा तयार पारिएको हो । लेखले अन्तिम रूप पाउन मार्टिन चौतारीको मिडिया छलफल शृङ्खलाले सघाउ पुऱ्याएको छ । लेखमा टिप्पणी तथा सुझाव दिने जगन्नाथ अधिकारी, प्रत्यूष वन्त, शेखर पराजुली तथा रमेश पराजुलीप्रति कृतज्ञता व्यक्त गर्दछु ।

## सन्दर्भ सामग्री

अधिकारी, जगन्नाथ. २०५९क. परिचय. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* जगन्नाथ अधिकारी, सं., पृ. १-१४. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, जगन्नाथ. २०५९ख. वातावरणीय न्यायका शहरी मुद्दाहरू. *वातावरणीय न्यायको शहरी सन्दर्भः पोखराको एक अध्ययन.* जगन्नाथ अधिकारी, सं., पृ. १५-५१. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, जगन्नाथ र शरद घिमिरे. २०५९. *वातावरणीय न्याय शब्दावली.* काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

अधिकारी, लक्ष्मण. २०५९. गैंडा मर्नुका अरू पनि कारण छन्. *जैविक विविधता* २(८): २-३.

अधिकारी, लोकेन्द्र. २०५५. सत्ताईस थरीका तेलमा विष समस्या गम्भीरः सरकारले फिर्ता दिएको तेल गाउँगाउँमा बेचियो. *आजको समाचारपत्र,* २ असोज, पृ. १.

अर्याल, भोजराज. २०५५. नेपाली बजारमा विषाक्त तेल र त्यसबाट पीडित जनता. *आजको समाचारपत्र,* १ कात्तिक, पृ. ६.

आचार्य, निर्मलकुमार. २०५५. उपभोक्ता हित संरक्षण र तेल आतङ्क. *गोरखापत्र,* ७ कात्तिक, पृ. ६.

आजको समाचारपत्र. २०५५. सामुदायिक वनको शुरुआतले दोलखाको वन विनाशमा कमी. १९ पुस, पृ. ८.

उपाध्याय, वसन्तकुमार. २०५७. राजधानीको फोहरमैला व्यवस्थापन. *कान्तिपुर,* ११ भदौ, पृ. ६.

कँडेल, प्रेम नारायण. २०५५. भेडी चरण. *कान्तिपुर (प्रजातन्त्र दिवस विशेषाङ्क),* ७ फागुन, पृ. घ.

कान्तिपुर. २०५५. राजधानीका ट्राफिक प्रहरीको प्रदूषण पीडा. ६ फागुन.

कान्तिपुर. २०५७क. वन संरक्षणका लागि उपभोक्ताहरूमा जागरण. १ वैशाख, पृ. २.

कान्तिपुर. २०५७ख. न्याय सम्पादन प्रकृया महिलाहरूप्रति पूर्वाग्रहपूर्ण छ. २ वैशाख, पृ. २.

कान्तिपुर. २०५७ग. गाउँलेको दुर्व्यवहारका कारण दलितहरूले सार्वजनिक धाराको पानी खान पाएनन्. ४ वैशाख, पृ. ५.

कान्तिपुर. २०५७घ. चिसापानीका बासिन्दा रातभर पँधेरो कुर्छन्. ६ वैशाख, पृ. ६.

कान्तिपुर. २०५७ङ. स्वाभिमानी मानबहादुर विश्वकर्माले साहूहरूको पेटीमा बास पाएनन्. ८ वैशाख, पृ. ४.
कान्तिपुर. २०५७च. प्रदूषणपीडित स्थानीय बासिन्दाद्वारा हिमाल सिमेण्ट घेराउ. १२ वैशाख, पृ. २.
कान्तिपुर. २०५७छ. आवश्यक ऐन कानून नबनेकाले महिला माथिको भेदभाव कायमै. १३ वैशाख, पृ. २.
कान्तिपुर. २०५७ज. रङ्गीन सर्वत दूषित पनि हुन्छ. १४ वैशाख, पृ. ११.
कान्तिपुर. २०५७झ. नगरपालिकाको फोहर त्रिशुली नदीमा. १६ वैशाख, पृ. ४.
कान्तिपुर. २०५७ञ. कानूनी अधिकारबारे ज्ञानको कमीले गर्दा उपभोक्ताहरू ठगिनु परेको निष्कर्ष. १६ वैशाख, पृ. १५.
कान्तिपुर. २०५७ट. नेपाली जडिबुटी संरक्षण र प्रयोगमा पर्याप्त ध्यान पुगेन. १९ वैशाख, पृ. २.
कान्तिपुर. २०५७ठ. कवुलियती वनले जीवनस्तरमा ठूलो परिवर्तन ल्याउने. ३० वैशाख, पृ. ५.
कान्तिपुर. २०५७ड. पोलिथिनको प्रतिबन्ध (सम्पादकीय). ३० वैशाख, पृ. ६.
कान्तिपुर. २०५७ढ. पर्यटन उद्योगमा इकोलेबलिङ्ग सान्दर्भिक रहेको धारणा. ३० वैशाख, पृ. १०.
कान्तिपुर. २०५७ण. आफ्नो घर हटाउने वन कार्यालयको निर्णयविरुद्ध सुकुमबासीहरू सङ्गठित. ३१ वैशाख, पृ. २०.
कान्तिपुर. २०५७त. चमार जातिको खानेपानी पाइपमा सिनु फालियो. ५ भदौ, पृ. ३.
कान्तिपुर. २०५७थ. फोहर फाल्न नदिइने. १२ भदौ, पृ. १.
कान्तिपुर. २०५७द. राजधानीमा बढ्दो जनसङ्ख्या केन्द्रीकरणको परिणाम. २७ भदौ, पृ. ७.
कान्तिपुर. २०५७ध. न्यायपालिकाका कम समाचार सम्प्रेषण हुनु परिभाषाको अभाव. १ पुस, पृ. ३.
कान्तिपुर. २०५७न. वन विनाश रोक्न सेनासँग सहयोग माग्ने. १ पुस, पृ. ४.
कान्तिपुर. २०५७प. प्रभावकारी स्वास्थ्य सेवाबाट रामेछापवासी वञ्चित. ४ पुस, पृ. १०.
कान्तिपुर. २०५७फ. घरैपिच्छे चर्पी हुने एकमात्र गा.वि.स. १५ पुस, पृ. १३.
कान्तिपुर. २०५७ब. वन विनाश रोक्न सं.ज.मो.ले सङ्घर्ष गर्ने. १६ पुस, पृ. १३.
कान्तिपुर. २०५७भ. स्थानीय विरोधले झिमरुकमा विद्युत प्रसारण अवरुद्ध. १६ पुस, पृ. १५.
कान्तिपुर. २०५७म. चर्पीको अभावमा मुसीकोट बजार प्रदूषित. १८ पुस, पृ. १०.
कान्तिपुर. २०५७य. नेपालको तापक्रममा उल्लेख्य वृद्धि. २१ पुस, पृ. १६.
कान्तिपुर. २०५७र. अवैधानिक रूपमा वन फडानी भएको अनुसन्धान टोलीको ठहर. २२ पुस, पृ. ४.
कान्तिपुर. २०५७ल. विभिन्न कारणबाट नौ महिनामा १९ गैंडा मरे. २३ पुस, पृ. ३.
कान्तिपुर. २०५७व. जनप्रतिनिधिद्वारा कुलेखानीको विद्युत बन्द गर्ने चेतावनी. २८ पुस, पृ. ५.

कान्तिपुर. २०५७श. सगरमाथाको फेदीमा होटल निर्माणप्रति मिश्रित प्रतिक्रिया. २८ पुस, पृ. ८.
कान्तिपुर. २०५७ष. स्थानीय बासिन्दाद्वारा विद्युत प्राधिकरणको कार्यालय घेराउ. २९ फागुन, पृ. १५.
कान्तिपुर. २०५७स. वन ऐन संशोधन विधेयकको अन्तरराष्ट्रिय सहयोगी संस्थाबाट विरोध. २७ चैत, पृ. ४.
कामत, रामकुमार. २०५३. दुर्लभ जलचरको अस्तित्व खतरामाः पानीको गुणस्तर मापनको लागि अनुसन्धानको अभाव. *गोरखापत्र,* २४ वैशाख.
चन्द्रकिशोर. २०५७. पार्क भनेको ब्याङ्कमा पैसा राखेजस्तो हो. *हिमालय टाइम्स,* ३० वैशाख, पृ. ३.
खड्का, मोहनसिं. २०५८. नेपालमा पनि भूमिगत जलमा आर्सेनिकको समस्या देखा परेकै हो त ? *कान्तिपुर,* ३० असोज, पृ. ७.
खनाल, गोपाल. २०५७. परीक्षणको लागि मात्र पोहर ल्याइएको खोप फेरि भित्रिने. *कान्तिपुर,* २५ भदौ, पृ. १.
खरेल, शङ्कर. २०५७क. उपत्यकामा जमिन मुनिबाट पानी निकाल्न तुरुन्त बन्द नगरे स्थिति भयावह हुने चेतावनी. *कान्तिपुर,* १४ वैशाख, पृ. २.
खरेल, शङ्कर. २०५७ख. फोहरको अल्पकालीन व्यवस्थापनका लागि चोभारको खाल्डो. *कान्तिपुर,* २२ माघ, पृ. २.
खबरपत्रिका. २०५६. डम्पिङ साइटः मूलपानीको विवाद स्यूचाटार सऱ्यो. ७ मङ्सिर, पृ. २.
गोरखापत्र. २०५६. बरफ चम्किलो पार्न पोष्टर पेन्टको प्रयोग. २८ चैत, पृ. ११.
गोरखापत्र. २०५७क. वाग्मती नदी शुद्ध पार्न ताम्रगङ्गादेखि तीलगङ्गासम्म सुरुङ बनाउन थालियो. ६ वैशाख, पृ. १.
गोरखापत्र. २०५७ख. सुनसरी खोला प्रदूषित गरेको आरोपमा सर्वोच्च अदालतमा मुद्दा दायर. ८ वैशाख, पृ. १२.
गोरखापत्र. २०५७ग. दाङमा वन विनाश घट्दैछ. १० वैशाख, पृ. ३.
गोरखापत्र. २०५७घ. लच्याङका केटाकेटी भालेको डाँकोसँगै वन जान्छन्. १० वैशाख, पृ. ४.
गोरखापत्र. २०५७ङ. जङ्गलमा पैसा फलाउने यी किसान. १३ वैशाख, पृ. ९.
गोरखापत्र. २०५७च. सिन्धुलीका नाङ्गा डाँडा हरियो देखिन थालेको छ. १३ वैशाख, पृ. ४.
गोरखापत्र. २०५७छ. जनप्रतिनिधिहरू नै सार्वजनिक जग्गा हडप्न सक्रिय. १७ वैशाख, पृ. ४.
गोरखापत्र. २०५७ज. जनताले जङ्गलको सुरक्षा गर्न थालेपछि नाङ्गा पाखाहरूमा हरियाली छायो. १७ वैशाख, पृ. ४.
गोरखापत्र. २०५७झ. सामुदायिक वनमा महिला नेतृत्व. २० वैशाख, पृ. ४.
गोरखापत्र. २०५७ञ. जडिबुटी उत्पादनको सम्भाव्यता प्रयास नगण्य. २१ वैशाख, पृ. १३.
गोरखापत्र. २०५७ट. भारतबाट गुणस्तरहीन नुनको अवैध प्रवेश. २३ वैशाख, पृ. ४.

गोरखापत्र. २०५७ठ. जलचरको अस्तित्व सङ्कटमा. २८ वैशाख, पृ. ४.
गोरखापत्र. २०५७ड. दाउरा बेचेर जीवन धान्न गाह्रो. १ भदौ, पृ. ९.
गोरखापत्र. २०५७ढ. सरसफाइको अभावमा बालबालिका रोगग्रस्त. ७ भदौ, पृ. २.
गोरखापत्र. २०५७ण. बारालाई औद्योगिक प्रदूषणले पिरोल्यो. ११ भदौ, पृ. ९.
गोरखापत्र. २०५७त. दूर्लभ जडिबुटीको अवैध निकासी रोकिएन. २६ भदौ, पृ. १.
गौतम, मनिष. २०५७. विपन्नता र भौगोलिक जटिलताः उत्तरी धादिङको स्वास्थ्य समस्या. *कान्तिपुर,* १ पुस, पृ. ७.
गौतम, सुबोध. २०५७क. सरोकारवालालाई समावेश नगरी जैविक विविधता कार्ययोजना ल्याउने तयारी. *कान्तिपुर,* २८ भदौ, पृ. २०.
गौतम, सुबोध. २०५७ख. मध्यवर्ती क्षेत्रबाट स्थानान्तरणपछि मात्र विस्तार गर्न माग. *कान्तिपुर,* २ पुस, पृ. १.
गौतम, सुबोध. २०५७ग. एक कदम अगाडि छन् निकुञ्जका शिकारी. *कान्तिपुर (कोसेली),* २२ पुस, पृ. घ.
गौतम, सुबोध तथा जे. पाण्डे. २०५७. बेफाइदा बेलिविस्तार लगाउने निकुञ्जवासीलाई फाइदाको पत्तो छैन. *कान्तिपुर,* १२ पुस, पृ. १९.
घिमिरे, के. पी. २०५७. स्वास्थ्यबर्द्धक स्थानीय धान लोप हुने क्रममा. *कान्तिपुर,* १० वैशाख, पृ. ९.
घिमिरे, लिलाबल्लभ. २०५७. मदिराभन्दा खानेपानी महङ्गो पर्ने डाँडाबजार. *कान्तिपुर,* २ पुस, पृ. ४.
घिमिरे, सञ्जय. २०५७. सगरमाथाको एक किलो फोहरको एक हजार रूपैयाँ. *हिमालय टाइम्स,* १४ फागुन.
चालिसे, राधा. २०५६. सागपातमा हानिकारक विषादी प्रयोग हुनेगरेको आशङ्का. *गोरखापत्र,* १५ कात्तिक, पृ. १२.
चौधरी, विनोद. २०५७. शोकशैयाबाट प्रधानमन्त्रीज्यूलाई पत्र. *कान्तिपुर,* ३ जेठ, पृ. ६.
दहाल, राममणि. २०५५. खाद्यपदार्थमा मिसावटः उपभोक्ताहरू मारमा. *गोरखापत्र,* ४ फागुन, पृ. ९.
दहाल, वेदनिधि. २०५५. विषादी अति नै बढी भो, अब त मात्रा घटाउनै पर्छ. *आजको समाचारपत्र,* १९ फागुन, पृ. ४.
दाहाल, रामप्रसाद. २०५५. सांसदहरूले राजधानीको फोहर समस्याको बारेमा आवाज नउठाएको आरोप. *कान्तिपुर,* १ कात्तिक, पृ. १.
दाहाल, रामप्रसाद. २०५६. डम्पिङ साइट बन्दैछन राजधानीका नदीहरू. *कान्तिपुर,* १५ चैत, पृ. ७
देवकोटा, गोपाल. २०५७. वाटर ट्रिटमेन्ट प्लान्ट सञ्चालन नहुँदा सिर्सिया खोला प्रदूषित. *कान्तिपुर,* २२ वैशाख, पृ. १५.
निरौला, कुबेर. २०५५. सामुदायिक वनका कारण भेडापालन छाडेर चिया पसल. *कान्तिपुर,* १४ कात्तिक, पृ. १.
नेपाल समाचारपत्र. २०५६क. उपत्यकामा उपलब्ध अधिकांश खाद्यपदार्थ गुणस्तरहीन. २९ माघ, पृ. १.

नेपाल समाचारपत्र. २०५६ख. गोकर्णमा जबर्जस्ती फोहर फालेकोमा आपत्ति. ९ फागुन, पृ. ८.

नेपाल समाचारपत्र. २०५८. मःमःलगायतका मांसाहार स्वास्थ्यका लागि हानिकारकः सडेगलेका खानेकुराबाट सङ्क्रामक रोगहरू फैलने गरेको दाबी. २४ असोज, पृ. २.

न्यौपाने, ईश्वरी. २०५७. खिम्तीको विद्युत उत्पादन बन्द गर्ने आन्दोलन स्थगित. *कान्तिपुर.* २ चैत, पृ. ५.

न्यौपाने, कुलचन्द्र. २०५७. स्थानीय बासिन्दाले पाउनुपर्ने रकम पाएनन्. *कान्तिपुर.* ४ चैत, पृ. ५.

न्यौपाने, सञ्जय. २०५७. लडाइँ देखाउन जापान जान्छन् नेपालका खपटे किरा. *कान्तिपुर,* ६ पुस, पृ. १६.

पराजुली, रमा. २०५५. हरियो सागदेखि मासको दालसम्म अखाद्य रङ्गको प्रयोग. *कान्तिपुर,* २६ असोज, पृ. १२.

पराजुली, रमेश. २०५८. विनोद चौधरी, वाग्मती र वातावरण. *देशान्तर,* २१ जेठ, पृ. २.

पराजुली, रमेश. २०५९. वायु प्रदूषणविरोधी आन्दोलन र छापामाध्यम. *मिडियाको अन्तर्वस्तुः विविध विश्लेषण.* प्रत्यूष वन्त, रमेश पराजुली र रमा पराजुली, सं., पृ. १०७-१९३. काठमाडौंः मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

पोखेल, विश्वमणि. २०५५. वर्षेनी बढ्दो छ विषादीको प्रयोग. *कान्तिपुर,* १ चैत, पृ. २.

पौडेल, कृष्ण. २०५८. पर्वतीय क्षेत्रमा वातावरणीय समस्या र चुनौती. *राजधानी,* १२ भदौ, पृ. ७.

बडाल, केशव. २०५७. डोल्पा तथा सिङ्गै कर्णाली अञ्चलको विकास कसरी गर्ने. *कान्तिपुर,* १३ भदौ, पृ. ७.

बराल, लिला. २०५७. पुनर्वास गराइएका सुकुमबासीहरू विस्थापित हुने क्रममा. *कान्तिपुर,* ७ वैशाख, पृ. ७.

बस्नेत, विनोदकुमार. २०५७. जैविक विविधता र पञ्जीकरणको प्रसङ्ग. *कान्तिपुर,* १९ पुस, पृ. ६.

बानिया, मोहन. २०५७. सरकारले बेवास्ता गरेको एउटा गम्भीर समस्या. *कान्तिपुर,* १० वैशाख, पृ. ७.

बुढा, विष्णुलाल. २०५७. रोग फैलिने मौसम लाग्यो, सदरमुकाममै चिकित्सक छैनन्. *कान्तिपुर,* ४ वैशाख, पृ. १.

भट्ट, टिका. २०५७. इन्धनको समस्या भोग्दैछन् गहुँबारीका माझी. *कान्तिपुर,* १६ पुस, पृ. ४.

भट्टराई, देवेन्द्र तथा धर्मप्रसाद पौडेल. २०५७. लेकाली भेगमा अँलैचीलाई चिराइतोले जित्यो. *कान्तिपुर,* ८ पुस, पृ. २०.

भट्टराई, शिवकुमार. २०५७. नेपाली उपभोक्ताको हित संरक्षण चुनौती. *गोरखापत्र,* ११ वैशाख, पृ. ६.

भण्डारी, किरण. २०५७. फोहरमैला व्यवस्थापनका निहुँमा विदेश घुम्ने तयारी. *कान्तिपुर,* १४ भदौ, पृ. २.

भण्डारी, कृष्ण. २०५७क. मारेका रतुवासहित सेनाका उच्चअधिकृत पक्राउ. *कान्तिपुर,* २८ फागुन, पृ. १.

भण्डारी, कृष्ण. २०५७ख. रतुवा मृग शिकार काण्डः गैरसैनिक नागरिकलाई समेत बचाउने सेनाको चाल. *कान्तिपुर,* ८ चैत, पृ. ५.

भुजु, दिनेशराज. २०५७. निखँदै गएको नेपालको वन. *कान्तिपुर,* २० वैशाख, पृ. ७.

माथेमा, पुष्कर. २०५५. उद्योग र वातावरणीय प्रदूषणः काग कराउँदैछ, पिना सुक्दैछ. *गोरखापत्र,* २६ असोज, पृ. ७.

माथेमा, पुष्कर. २०५६. स्वस्थ वातावरणप्रतिको बालअधिकारबारे सोच्ने कहिले. *गोरखापत्र,* ६ मङ्सिर, पृ. ७.

माथेमा, पुष्कर. २०५७क. बालबालिकामाथि वातावरणीय प्रभावः बालहितका सन्दर्भमा ओझेलमा परेको विषय. *गोरखापत्र,* ५ भदौ, पृ. ७.

माथेमा, पुष्कर. २०५७ख. मौसम परिवर्तनको समस्याः वातावरणीय सन्तुलनमाथि खतराको घण्टी. *गोरखापत्र,* १२ भदौ, पृ. ७.

माथेमा, पुष्कर. २०५७ग. वातावरणीय समस्या महिला विकासमा अवरोध. *गोरखापत्र,* २४ फागुन, पृ. ७.

माथेमा, पुष्कर. २०५७घ. शाही बर्दिया राष्ट्रिय निकुञ्जको पच्चीस वसन्त. *गोरखापत्र,* २९ फागुन, पृ. ७.

मिश्र, अतुलकुमार. २०५७. थोरै सुधार गरे परम्परागत घट्टले चमत्कार गर्नसक्छ. *कान्तिपुर,* २८ वैशाख, पृ. २.

रिजाल, दीपक. २०५६. स्यूचाटारबासीको ढुङ्गामुढा प्रहारबाट उप-प्रधानमन्त्री घाइते. *नेपाल समाचारपत्र,* १२ चैत, पृ. १.

रोकाया, जयबहादुर. २०५७. नयाँ वर्षसँगै हुम्लामा खाद्यसङ्कट बढ्दो. *कान्तिपुर,* २० वैशाख, पृ. ५.

लामा, मोहनसिंह. २०५७. किर्तिपुरवासीले नगरपालिकाको अनुभूति बटुल्न सकेनन्. *हिमालय टाइम्स,* १० वैशाख. पृ. २.

लामिछाने, रघुनाथ. २०५७. काठमाडौंको फोहर. *कान्तिपुर (कोसेली),* १ पुस, पृ. ग.

लुइँटेल, अनन्तराज. २०५५. वन अनुसन्धान केन्द्रमा राजाको काम कहिले जाला घाम. *हिमालय टाइम्स,* १८ कात्तिक, पृ. १.

लौडारी, हिमनिधि. २०५८. उपल्लो मोदी 'ए' जलविद्युत आयोजना असला माछाको निम्ति अभिशाप बन्ने. *आदर्श समाज,* २८ असार, पृ. १.

विष्ट, प्रताप. २०५७. मार्खुवासीको सपना कुलेखानी योजनामा पुरियो. *कान्तिपुर,* २६ पुस, पृ. १७.

शर्मा, कृष्णमुरारी. २०५७. सार्वजनिक जग्गा मिच्नेहरू दण्डित हुनुपर्छ. *गोरखापत्र,* २२ वैशाख, पृ. ६.

शर्मा, टिका. २०५७. तेन्हथुमे महिला राँको बालेर राती पानी ओसार्न बाध्य. *कान्तिपुर,* २६ वैशाख, पृ. ३.

शर्मा, तेजकुमार. २०५७. जडिबुटी व्यवसायीहरू बजारको अभावमा चिन्तित. *गोरखापत्र,* १ पुस.

शशी, नेत्रसुन्दर. २०५७. शहरमा पानीविना मर्नुभन्दा गाउँमै वेश. *कान्तिपुर,* २४ वैशाख, पृ. ३.

शाक्य, केदार. २०५७. राजधानीको खानेपानी समस्या. *गोरखापत्र,* १६ वैशाख, पृ. ७.

शाह, करणबहादुर. २०५७. विकास कार्यमा लागेकाबाट विनाश. *कान्तिपुर,* ३ भदौ, पृ. ७.

शाह, जितेन्द्र. २०५७. प्राकृतिक विज्ञान सङ्ग्रहालयको वातावरण अप्राकृतिक. *कान्तिपुर,* २२ भदौ, पृ. १६.

शेर्पा, आङछिरिङ. २०५७. गोसाइँकुण्डमा सरसफाइको स्थिति नाजुक, व्यवस्थापन कमजोर. *कान्तिपुर,* १४ भदौ, पृ. ३.

श्रेष्ठ, ओजमानसिंह.२०५५. के विषादी पनि खाइरहने ? *कान्तिपुर,* ५ पुस, पृ. ५.

श्रेष्ठ, सुदिप. २०५७. हिमाल सिमेण्टको उपलब्धिः धूवाँ र धूलोसँगै रोजगारी र आम्दानी पनि. *कान्तिपुर,* २७ वैशाख, पृ. ९.

सापकोटा, दधिराम. २०५७. बाघ भेटिएला अजिङ्गर भेटिँदैन. *कान्तिपुर,* २६ वैशाख, पृ. ७.

साँघु. २०५८. मध्य मर्स्याङ्दी निर्माण विवाद. ११ माघ, पृ. ८.

सिम्खडा, नवराज. २०५८. बालुवाको खेतीः कसैको शोषण कसैको ओखती, *राजधानी,* १४ भदौ, पृ. ११.

हिमालय टाइम्स. २०५५. दोलखामा सामुदायिक वनले समस्या पनि निम्त्याएको छ. २६ माघ, पृ. ३.

हिमालय टाइम्स. २०५६. प्लास्टिकले वातावरणमा असर नपर्ने प्लास्टिक उद्यमीको दाबी. २० चैत, पृ. ८.

हिमालय टाइम्स. २०५७क. जडिबुटी विकासः अपेक्षा गर्न नहुने जरुरी आवश्यकता. ३ वैशाख, पृ. ४.

हिमालय टाइम्स. २०५७ख. बहुमूल्य जडिबुटी लोप हुने अवस्थामा. १२ वैशाख, पृ. ५.

हिमालय टाइम्स. २०५७ग. विग्ही नदी प्रदूषण नियन्त्रण नगरेमा तरुण दलले सङ्घर्ष गर्ने. २० वैशाख, पृ. ३.

हिमालय टाइम्स. २०५७घ. विक्रम टेम्पोका कारण रिक्सा व्यवसायी प्रभावित. २१ वैशाख, पृ. ५.

हिमालय टाइम्स. २०५७ङ. कर्णालीको परनिर्भरता (सम्पादकीय). २२ वैशाख, पृ. ४.

हिमालय टाइम्स. २०५७च. पर्यटकको चाप चितवनमा बढी, धेरै प्राकृतिक क्षेत्रहरू ओझेलमा. ३० वैशाख, पृ. ८.

Adhikari, Jagannath and Sharad Ghimire. 2001. *A Bibliography on Environmental Justice in Nepal.* Kathmandu: Martin Chautari and Centre for Social Research and Development.

Khadka, Damodar. 1997. Plastic Invasion. *The Rising Nepal*, 24 February, p. 6.

Lal, C. K. 1999. A Plateful of Pizza. *The Kathmandu Post (Sunday Supplement)*, 12 September, p. i.

Mahapatra, Richard. 2001. Special Report: Betrayed. *Down to Earth* 5(9): 20-21.
Mainali, Mohan. 1998. Handling Hazards. *The Kathmandu Post*, 5 December, p. 4.
Pandey, Birodh. 2001. Experts Warn of Major Environmental Disaster at Gokarna Dumping Site. *The Kathmandu Post*, 16 October, p. 1.
Shrestha, Alka. 1993. A Case Study of the Social Aspect of Solid Waste Management in Kathmandu. M. A. Thesis, Sociology/ Anthroplogy, Tribhuvan University.
Shrestha, Dwarika. 2000. Privileged Leaders are the Culprits. *The Independent*, 31 May, p. 4.
Shrestha, Madhav Narayan. 2002. Arsenic Problem in Nepal. *The Kathmandu Post*, 5 February, p. 4.
Thapa, Rabi Singh. 1998. Pesticide Poison. *The Kathmandu Post (Sunday Supplement)*, 20 September, p. ii.
The Kathmandu Post. 1999a. Protest Against Pesticide Dumping. 30 September, p. 8.
The Kathmandu Post. 1999b. Dispose of Toxic Chemicals (Editorial). 13 October, p. 6.
The Rising Nepal. 2000. Against Plastic Bags (Editorial). 24 April, p. 6.